


# नेपालका विद्यालयहरूमा बालबालिकामाथि हुने दण्डसजाय

## प्रवृत्ति, असर र सरोकारवालाहरूको भूमिका

कानुनी साक्षरता - नेपाल

# नेपालका विद्यालयहरूमा बालबालिकामाथि हुने दण्डसजाय

*प्रवृत्ति, असर र सरोकारवालाहरूको भूमिका*

# नेपालका विद्यालयहरूमा बालबालिकामाथि हुने दण्डसजाय

## *प्रवृत्ति, असर र सरोकारवालाहरूको भूमिका*

कानुनी साक्षरता - नेपाल

# नेपालका विद्यालयहरूमा बालबालिकामाथि हुने दण्डसजाय

***प्रवृत्ति, असर र सरोकारवालाहरूको भूमिका***

पहिलो संस्करण २०८१ (सन् २०२४
सर्वाधिकार © कानुनी साक्षरता - नेपाल

***प्रकाशक***
कानुनी साक्षरता - नेपाल
टोखा-३, काठमाडौँ, नेपाल
फोन नं. ९८४१२७५७३२
https://lln.org.np

आवरण चित्र : शुशील थापा
ले-आवट/आवरण साजसज्जा : किशोर प्रधान
अनुवाद : ओमप्रकाश सेन ठकुरी

काठमाडौँ, नेपालमा मुद्रित

***प्रकाशन सहयोग :***

DKA Austria
Hilfswerk der Katholischen Jungschar

# विषयसूची


**प्राक्कथन** छ

**कार्यकारी सारांश** १

**अध्याय – एक**

**नेपालमा शारीरिक दण्डसजायको इतिहास** ७

१.१ परिचय र पृष्ठभूमि ७

१.२ नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको एक सिंहावलोकन ९

१.३ अध्ययनको संक्षिप्त पृष्ठभूमि १०

१.४ अनुसन्धान विधि र पद्धति १०

१.४.१ तथ्यांक संकलन १०

१.४.२ तथ्यांक विश्लेषण ११

**अध्याय – दुई**

**शारीरिक दण्डसजाय विरुद्धका कानून** १३

२.१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरू १३

२.१.२ राष्ट्रिय कानूनी संरचना १७

**अध्याय – तीन**

**नेपालमा शारीरिक दण्डसजायको प्रवृति** २३

३.१ तथ्यांक विश्लेषण २३

३.१.१ शारीरिक दण्डसजाय प्रति विद्यार्थीहरूको प्रतिक्रिया २४

३.१.२ शिक्षा अधिकारीहरूको प्रतिक्रिया ३१

३.२ केही प्रतिनिधीमुलक घटनाहरू ३२

३.३ शारीरिक दण्डसजायको प्रवृतिमाथि छलफल ३६

**अध्याय – चार**

**निष्कर्ष र सिफारिसहरू** ३९
निष्कर्ष ३९
सिफारिसहरू ४०
विद्यालय व्यवस्थापन समितिलाई ४०
शिक्षकहरूलाई ४०
बाल केन्द्रित संस्थाहरूलाई ४१
आमाबाबु/अभिभावकलाई ४२
स्थानीय निकायलाई ४२
प्रदेश सरकारलाई ४३
संघीय सरकारलाई ४३

**सन्दर्भ सामग्री** ४५

**अनुसूचीहरू**
क. विद्यार्थी तथ्यांक ५१
ख. कानूनी व्यवस्था सम्बन्धी जानकारी ५२
ग. दण्डसजायका प्रकारहरू ५५
घ. दण्दसजाय दिइनुका कारणहरू ६१
ङ. दण्डसजायका असर ६५
विद्यार्थी सर्वेक्षण फारम २०७९/८० ६९
शिक्षक सर्वेक्षण फारम २०७९/८० ७४
शिक्षा अधिकारी सर्वेक्षण फारम २०७९/८० ७९

# प्राक्कथन

वि.सं. २०७५ मा बालबालिका सम्बन्धी ऐन लागू भई विद्यालय, घरपरिवार र अन्य कुनै पनि स्थानमा बालबालिकालाई दण्डसजाय दिन नपाइने गरी प्रतिबन्ध लगाइए पनि आधुनिक नेपालमा बालबालिकामाथि भइरहेको शारीरिक दण्डसजायको अवस्था चिन्ताजनक स्थितिमा रहेको पाइएको छ । प्रतिवेदनले देखाएअनुसार शहर होस् वा गाउँ दुवै क्षेत्रका शिक्षकहरू र आमाबाबुले बालबालिकामा अनुशासन कायम गर्न शारीरिक दण्डसजायको सहारा लिइरहेको पाइएको छ जसले बालबालिकाहरूलाई नकारात्मक असर पारिरहेको छ । कानूनी व्यवस्था र न्यायिक निर्देशनहरूका बावजुद दण्डसजायको अभ्यास निर्वाध रूपमा अनुपालन र अनुशासन लागू गर्ने माध्यमको रूपमा सामाजिक स्वीकृतिका साथ चलिरहेको छ ।

यस प्रतिवेदनले नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको व्यापकता, तरिका र असरहरूको मिहिन ढंगले अध्ययन गर्ने प्रयास गरेको छ । ओम कानूनी अध्ययन तथा अनुसन्धान केन्द्र र कानूनी साक्षरता - नेपालले गरेको अध्ययन प्रतिवेदनले विद्यालयहरूमा बालबालिकाले अनुभव गरेका वास्तविकतालाई प्रकाश पार्ने र सकारात्मक सुधारका लागि वकालत गर्ने लक्ष्य राखेको छ । यस अध्ययनले विभिन्न जिल्लाहरूमा सञ्चालित विद्यालयहरूमा अध्ययनरत विद्यार्थी, शिक्षक र शिक्षा अधिकारीहरूका अन्तर्दृष्टिहरू समावेश गर्दै विभिन्न दृष्टिकोणहरू समेटेको छ ।

यस अध्ययनका निष्कर्षहरूले विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको समस्यालाई सम्बोधन गर्न व्यापक सुधारको तत्काल आवश्यकतालाई जोड दिएको छ । विद्यालय व्यवस्थापन समितिदेखि संघीय सरकारसम्म सबै तहका सरोकारवालाहरूलाई लक्षित गर्दै प्रमाणमा आधारित सिफारिसहरू प्रस्तुत गरिएका छन् । सहकार्यलाई बढावा दिएर, सचेतना बढाएर, र प्रभावकारी नीतिहरू कार्यान्वयनका लागि हस्तक्षेपका लागि पहल गरेर, हामी प्रत्येक बालबालिकाले सुरक्षित वातावरणमा प्रस्फुटित हुन पाउने अवस्था सिर्जना गर्ने प्रयासरत छौँ ।

हामी शिक्षाविद्, नीति-निर्माता र अभियानकर्ताहरूलाई नेपालका बालबालिकाहरूको हितको रक्षा गर्दै आगामी पुस्ताका लागि उज्ज्वल भविष्य निर्माण गर्ने हाम्रो प्रतिबद्धतामा साथ दिन आह्वान गर्दछौँ।

साथै, यस प्रतिवेदनलाई साकार पार्न सहयोग गर्नुहुने सबैलाई हामी हृदयदेखि कृतज्ञता व्यक्त गर्दछौँ। विद्यालयहरूमा गएर तथ्यांक संकलन गरी यस अध्ययनलाई सम्भव बनाउन मद्दत गर्ने DKA संस्थाका साझेदार संस्थाहरू र व्यक्तिहरूलाई विशेष धन्यवाद दिन चाहन्छौँ।[१] हामी यस प्रतिवेदनको मस्यौदा तयार पार्नु हुने जोइ हाउसर, प्रतिवेदनको समीक्षा र रचनात्मक प्रतिक्रियाका लागि अधिवक्ता चन्द्रिका खतिवडा र नयाँ दिल्ली स्थित बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था अग्रसरलाई अमूल्य योगदानको लागि हार्दिक धन्यवाद दिन चाहन्छौँ। साथै तथ्यांक विश्लेषणमा सहयोग गर्नु भएकोमा जोइ हाउसरलाई पुनः धन्यवाद दिन चाहन्छौँ।

यस अध्ययन प्रतिवेदनलाई साकार पार्न आर्थिक सहयोग गर्नुभएकोमा हामी DKA Austria लाई विशेष धन्यवाद दिन चाहन्छौँ।

**ओम प्रकाश सेन ठकुरी**
कार्यकारी निर्देशक
कानूनी सारक्षरता – नेपाल

[१] निम्न DKA साझेदारहरूले निम्न जिल्लाहरूबाट तथ्यांक संकलन गरे : युवालय (बारा र पर्सा), कारितास नेपाल (नवलपरासी), सामाजिक कार्य संस्थान (जुम्ला, रोल्पा, सोलुखुम्बु), सीड (दाङ), जानकी महिला सचेतना समाज (धनुषा र महोत्तरी), अधिवक्ता पाण्डव प्रसाई (रामेछाप), एलएलएन (काठमाडौँ)।

# कार्यकारी सारांश

यस प्रतिवेदनको पहिलो अध्यायले नेपालमा शारीरिक दण्डसजायको ऐतिहासिक पृष्ठभूमि, हिन्दू धर्मबाट प्रभावित परम्परागत सामाजिक मूल्य-मान्यताहरू तथा प्राचीन र मध्यकालीन नेपालको कानूनी प्रणालीहरूको अनुसन्धान गरेको छ । शारीरिक दण्डसजायलाई वि.सं. २०७५ देखि आधिकारिक रूपमा प्रतिबन्ध लगाइए पनि नेपालका विद्यालयहरूमा यसको प्रयोग बालबालिकाहरूमा व्यापक नकारात्मक असर पर्ने हदसम्म प्रचलित छ ।

नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको बारेमा गरिएको यस अध्ययनले डरलाग्दो तथ्यांक प्रस्तुत गरेको छ, जसमा ८८% विद्यार्थीहरूले कुनै न कुनै प्रकारको शारीरिक दण्डसजाय भोगिरहेको पाइएको छ । यस अध्ययनमा नेपालका पाँच प्रदेशका २४ विद्यालयका विविध पृष्ठभूमिका २४२ जना बालबालिकालाई सहभागी गराइएको थियो ।

यस अध्ययनका लागि सर्वेक्षणहरू, केन्द्रित समूह छलफलहरू, मुख्य जानकारहरूसँग अन्तर्वार्ताहरू, प्रश्नावलीहरू, घटना विवरणहरू, र साहित्य समीक्षा सहित विविध विधिहरू प्रयोग गरिएको थियो । यस अध्ययनका क्रममा विद्यार्थीहरू, शिक्षकहरू, शिक्षा अधिकारीहरू र बाल अधिकार विशेषज्ञहरूबाट प्राप्त सूचना र दृष्टिकोणहरूको सूक्ष्म अध्ययन तथा विश्लेषण गरिएको छ ।

तथ्यांक विश्लेषण गर्दा गहन विश्लेषणका लागि विषयगत तथ्यांकहरूलाई क्षेत्रगत रूपमा वर्गीकरण गरी गुणात्मक र मात्रात्मक दुवै विधिहरू समावेश गरी अध्ययन गरिएको थियो । अध्ययनको निष्कर्षमा शारीरिक दण्डसजायदेखि अपमानजनक कार्यहरूमा लगाउनेसम्मका विभिन्न प्रकारका शारीरिक सजायहरू दिने गरिएको पाइएको छ भने सरोकारवालाहरू बीच बाल अधिकारको बारेमा चेतनाको कमी भएको पनि पाइएको छ ।

कानूनी व्यवस्थाहरू र सर्वोच्च अदालतको निर्देशनहरूका बावजुद, नेपालमा बालबालिकाहरूमाथि शारीरिक दण्डसजाय व्यापक रूपमा हुने गरेको पाइएको छ । यस

प्रतिवेदनले यस मुद्दालाई सम्बोधन गर्न प्रभावकारी उपायहरू जस्तै जनचेतना बढाउने अभियानहरू, शिक्षक प्रशिक्षण कार्यक्रमहरू, र विद्यमान कानूनहरूको कडा कार्यान्वयन लगायतका गतिविधिहरू तत्काल लागू गर्नुपर्नेमा जोड दिएको छ।

यस प्रतिवेदनको दोस्रो अध्यायले शारीरिक दण्डसजायलाई निषेध गर्ने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी प्रावधानहरूको विश्लेषण गरेको छ । अध्ययनले नेपालका विद्यालयहरूमा अनुशासनको नाममा हुने शारीरिक दण्डसजायको नियन्त्रणका लागि यी कानूनी व्यवस्थाहरूको महत्त्व र ती कानूनी प्रावधानहरूको कार्यान्वयनको चुनौतीहरूलाई उजागर गरेको छ।

अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरू जस्तै मानव अधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) र बाल अधिकार सम्बन्धी महासन्धि (CRC) जस्ता अन्तर्राष्ट्रिय कानूनहरूले स्पष्ट रूपमा बालबालिका विरुद्ध हुने सबै प्रकारका शारीरिक वा मानसिक हिंसाको निन्दा गर्दछ । सीआरसी समितिको शारीरिक दण्डको परिभाषामा पीडा वा असुविधा हुने कार्यहरूको विस्तृत सूची समावेश छ भने यस्ता अभ्यासहरूप्रति "शून्य सहनशीलता" को नीतिलाई जोड दिएको छ।

सीआरसी समिति लगायतका अन्तर्राष्ट्रिय निकायहरूले पक्ष राष्ट्रहरूलाई शारीरिक दण्डसजाय निषेध गर्ने र सकारात्मक, अहिंसक प्रकारको अनुशासनलाई बढावा दिने कानूनी उपायहरू अपनाउन आग्रह गरेको छ। नेपालले दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत विभिन्न अन्तर्राष्ट्रिय समीक्षा बैठकहरूमा बालबालिकाविरुद्ध हुने हिंसालाई व्यापक रूपमा सम्बोधन गर्ने प्रतिबद्धता जनाएको छ।

नेपालको संविधान, २०७२, मुलुकी देवानी (संहिता) ऐन, २०७४ र शिक्षा ऐन, २०२८ जस्ता कानूनी व्यवस्थाहरूले बालबालिकाले कुनै पनि प्रकारको शारीरिक वा मानसिक यातनाबाट मुक्त भएर बाँच्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ । बालबालिका सम्बन्धी ऐनले बालबालिका विरुद्धको अपराधको अपराधीकरण र अपराधीलाई सजाय लगायत विस्तृत बाल संरक्षण मापदण्ड बनाई सुरक्षाका उपायहरू प्रदान गरेको छ।

यसबाहेक, राष्ट्रिय बाल नीति, २०८० र राष्ट्रिय शिक्षा नीति, २०७६ जस्ता राष्ट्रिय नीतिहरूले बालबालिकाको अधिकारको संरक्षण र हिंसामुक्त सिकाइको अनुकूल वातावरण प्रवर्द्धन गर्न नेपालको प्रतिबद्धतालाई जोड दिएका छन्।

यस प्रतिवेदनको तेस्रो अध्यायले विभिन्न जिल्ला र विद्यालयहरूका विद्यार्थी, शिक्षक र शिक्षा अधिकारीहरूबाट संकलन गरिएका तथ्यांकहरूको विश्लेषण गरी नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको अवस्थाका बारेमा चर्चा गरेको छ।

तथ्यांक विश्लेषणमा १२ जिल्लाका सामुदायिक र निजी विद्यालयका २४२ जना विद्यार्थी, ३७ जना शिक्षक र ९ जना शिक्षा अधिकारी सहभागि भएका थिए। नमूना तथ्यांक संकलनमा विभिन्न भौगोलिक, लैंगिक, जातीय, र उमेर समूहहरूको प्रतिनिधित्व हुने गरी गरिएको थियो।

विद्यार्थीहरूले दिएको प्रतिक्रियाको विश्लेषण गर्दा शारीरिक दण्डसजाय विरुद्धको कानूनी प्रावधानहरूको बारेमा भिन्न-भिन्न स्तरको सचेतना रहेको पाइएको छ। अधिकांश विद्यार्थीहरूले संवैधानिक अधिकार र मुलुकी फौजदारी संहिताका प्रावधानहरूबारे जानकारी भएको बताएका थिए भने धेरैले विद्यालयहरूमा विभिन्न प्रकारका शारीरिक दण्डसजाय हुने गरेको बताएका थिए। दण्डसजायका स्वरूपहरूमा कुटपिट, थप्पड हान्ने, कान निमोठ्ने, कपाल भुताल्ने, र अन्य विभिन्न प्रकारका अपमानजनक व्यवहारहरू हुने गरेको बताएका थिए।

शिक्षकहरूले पनि गृहकार्य नगर्ने, समयमा विद्यालय नआउने, कक्षामा ध्यान नदिने, साथीहरूसँग झगडा गर्ने, शिक्षकलाई आदर नगर्ने जस्ता कारणले गर्दा शारीरिक दण्डसजाय दिने गरेको स्वीकार गरेका छन्। खासगरी लाठी र स्केलले कुट्ने, कुखुरा बनाउने, अतिरिक्त गृहकार्य दिने वा कक्षा कोठाबाट निकालिदिने जस्ता सजाय दिने गरेको बताएका थिए।

शिक्षा अधिकारीहरूले बाल संरक्षण सम्बन्धी कानूनी व्यवस्थाबारे विभिन्न स्तरको ज्ञान भएको बताएका छन्। उनीहरूले दिएको प्रतिक्रियाको विश्लेषण गर्दा शारीरिक दण्डसजायलाई प्रभावकारी रूपमा सम्बोधन गर्न विद्यमान कानून र नीतिहरूको प्रभावकारी कार्यान्वयनको आवश्यकता रहेको देखिएको छ।

शारीरिक दण्डसजायले विद्यार्थीको शैक्षिक स्तर, विद्यालयमा उपस्थिति र मानसिक स्वास्थ्यमा नकारात्मक असर पारेको अध्ययनले देखाएको छ। तर केही विद्यार्थीहरूले भने सजायको परिणाम स्वरूप व्यवहार र शैक्षिक कार्यसम्पादनमा सुधार भएको बताएका छन् भने धेरैले डर, लाज, हिनताबोध र विद्यालय जान मन नलाग्ने गरेको बताएका छन्।

यस प्रतिवेदनको चौथो अध्यायले निष्कर्ष निकालेको छ कि कानूनी प्रतिबन्धको बावजुद नेपालको विद्यालयहरूमा शारीरिक दण्डसजाय दिने चलन प्रचलित नै छ, जसले सामाजिक तथा सांस्कृतिक प्रचलनहरू, अपर्याप्त प्रशिक्षण, र प्रतिस्पर्धात्मक शैक्षिक वातावरणमा निहित प्रणालीगत समस्याहरूलाई झल्काउँछ । यस गम्भीर समस्यालाई सम्बोधन गर्न नीति कार्यान्वयन रणनीतिका साथ सरकारका सबै तहमा तत्काल सुधारको आवश्यकता रहेको देखिएको छ ।

यस अध्ययनले शिक्षक प्रशिक्षण कार्यक्रमहरू, सांस्कृतिक सचेतना कार्यक्रमहरू, अभिभावकीय शिक्षा, र नीति संशोधनहरू सहित लक्षित हस्तक्षेपहरूको आवश्यकतालाई जोड दिएको छ । यस प्रतिवेदनमा बालबालिकाहरूले आत्म-हानिको सहारा लिन सक्ने अवस्था न्युनिकरणका लागि विद्यालय बाल सुरक्षा नीतिहरू बनाई तत्काल लागू गर्नु पर्ने आवश्यकतामाथि चर्चा गरिएको छ ।

नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजाय अन्त्य गर्न यस प्रतिवेदनले विभिन्न सरोकारवाला निकायहरूलाई गरेको सिफारिसहरूको मुख्य सारांश :

- विद्यालय व्यवस्थापन समितिले बाल संरक्षण मापदण्डहरू बनाई लागू गर्ने, दण्डसजाय विरुद्ध शून्य सहनशीलताको नीति अपनाउने, शिक्षकहरूलाई तालिमको व्यवस्था गर्ने, प्रशिक्षणहरू प्रदान गर्ने र विद्यार्थीहरूलाई गोप्य रूपमा उजुरी दिन पाउने उजुरी प्रणालीको स्थापना गर्ने ।
- अभिभावकहरूले समय-समयमा विद्यालयको भ्रमण गर्ने, आफ्ना बालबच्चाको पढाई र अन्य क्रियाकलापको बारेमा सोधखोज गर्ने, शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिसँग सकारात्मक सम्बन्ध विकास गर्ने, आफ्ना छोराछोरीमाथि शारीरिक दण्डसजाय दिएको पाइएमा तुरुन्त विद्यालय व्यवस्थापन समितिमा उजुरी गर्ने ।
- शिक्षकहरूले शारीरिक दण्डसजाय विरुद्धको कानूनी व्यवस्था, यसले बालबालिकामा पार्ने नकारात्मक असर, विद्यार्थीहरूसँग सकारात्मक सम्बन्ध विस्तार र तालिमबाट प्राप्त वैकल्पिक अनुशासनात्मक विधिहरूको प्रयोग आदि गर्ने ।

- बालबालिका-केन्द्रित संस्थाहरूले यस सम्बन्धमा अध्ययन अनुसन्धान, नीति कार्यान्वयनका लागि वकालत, तालिम तथा स्रोतहरूको व्यवस्था र बालबालिकाहरूले आफ्ना कुरा निर्धक्कसँग व्यक्त गर्न सक्ने वातावरण बनाउन पहल गर्ने ।
- स्थानीय निकायले विद्यालयले नियम कानूनहरूको अनुपालन गरे नगरेको अनुगमन गर्ने, गुनासो संयन्त्रको स्थापना, सरोकारवालाहरूसँग सहकार्य बढाउने र आवश्यक तालिमको लागि स्रोतहरू विनियोजन गर्ने ।
- प्रदेश सरकारले नीतिनिर्माण गर्ने, तालिमका लागि स्रोतको व्यवस्थापन गरिदिने, निरीक्षण टोली गठन गर्ने, र बालबालिका केन्द्रित संस्थाहरूसँग सहकार्य गर्ने ।
- संघीय सरकारले बालसंरक्षण सम्बन्धी कानूनहरूको निर्माण गर्ने, शिक्षक तालिमका लागि राष्ट्रिय मापदण्ड विकास गर्ने, गुनासो सुन्ने संयन्त्रको निर्माण गर्ने र बजेट विनियोजन गर्ने ।

यी सिफारिसहरू कार्यान्वयन गरेर नेपालको शिक्षा प्रणालीले क्रमशः शारीरिक दण्डसजाय निर्मूल पार्दै सबै बालबालिकाका लागि सुरक्षित सिकाइ वातावरण तयार पार्न सक्षम हुनेछ भन्ने अपेक्षा गरिएको छ । यस समस्याका मूल कारणहरूलाई सम्बोधन गर्न र राष्ट्रका युवाहरूको हित सुनिश्चित गर्न सामूहिक प्रयासको आवश्यकता पर्दछ ।

अध्याय – एक

# नेपालमा शारीरिक दण्डसजायको इतिहास

## १.१ परिचय र पृष्ठभूमि

इतिहास केलाउने हो भने शारीरिक दण्डसजाय, वा व्यक्तिलाई अनुशासित गर्न शारीरिक बलको प्रयोग गर्ने प्रचलन धेरै संस्कृतिहरूमा एक सामान्य अभ्यासको रूपमा रहेको पाइन्छ । शारीरिक दण्डको प्रयोगलाई सांस्कृतिक र धार्मिक विश्वासहरूमा फेला पार्न सकिन्छ, जसले अनुशासन र अधिकारको सम्मानको महत्त्वलाई जोड दिन्छ । परम्परागत पूर्वीय सामाजिक मूल्य-मान्यतामा बालबालिकाहरूले आमाबाबु, शिक्षकहरू र आफूभन्दा ठूलालाई आदर र आज्ञाकारिता देखाउने अपेक्षा गरिएको हुन्थ्यो । शारीरिक दण्डलाई यी मूल्य-मान्यताहरू स्थापित गर्ने तरिका मानिन्थ्यो र बाल्यकालमा नै दण्डित भएमा बालबालिकाहरू जिम्मेवार र अनुशासित वयस्क बन्नेछन् भन्ने विश्वास गरिन्थ्यो ।

पुरातन समयमा, हिन्दू धर्मबाट धेरै प्रभावित नेपाली कानूनी प्रणालीले सजायको माध्यमको रूपमा शारीरिक दण्डको लागि अनुमति दिएको थियो । समाज विशेष गरी मनु, गौतम, भरत र यज्ञवल्क्य स्मृति जस्ता धार्मिक ग्रन्थहरू अनुसार चलेको थियो ।[१] उदाहरणका लागि, पुरातन हिन्दू कानूनी ग्रन्थमा मनुस्मृतिले “पत्नी, छोरा, दास, नोकर र सहोदर भाइले गल्ती गरेमा डोरी वा बाँसको चिराले कुटपिट गर्नुपर्छ”[२] भनी व्यवस्था गरेको छ । त्यसैगरी, यज्ञवल्क्य स्मृति लगायत थुप्रै न्यायिक प्रक्रियागत सिद्धान्तहरूले सजायका विभिन्न स्वरूपहरू जस्तै निन्दा, हप्कीदप्की, आर्थिक दण्ड, र शारीरिक दण्डको

---

[१] रेवतीराज त्रिपाठी, ‘डेभलपमेन्ट अफ क्रिमिनल जस्टिस सिस्टम एन्ड रिफर्म इनिसिएटिभ्स इन नेपाल : ए बर्ड आई भिउ’ *नेपाल ल जर्नल*, ७।

[२] विइडम लाइब्रेरी < https://www.wisdomlib.org/hinduism/book/manusmriti-with-the-commentary-of-medhatithi/d/doc201232.html > १० अप्रिल २०२३ मा हेरिएको ।

उल्लेख गरेको छ । त्यसैगरी शारीरिक सजायमा कैद, देश निकाला, निशानाछाप लगाईदिने, अपराधीको अंग काट्ने र मृत्युदण्ड समेत पर्ने उल्लेख गरेको छ।[३] यी धार्मिक ग्रन्थहरूले प्राचीन र मध्ययुगीन नेपालका कानूनी प्रणालीमा प्रभावकारी भूमिका खेलेका थिए।

प्राचीन र मध्ययुगीन अवधिहरूमा, विशेष गरी नेपालमा शान्ति र सुरक्षा कायम गर्ने सन्दर्भमा शारीरिक दण्डको प्रयोग व्यापक रूपमा हुने गर्थ्यो। किराँत कालमा दण्ड प्रणाली निकै कठोर थियो । उदाहरणका लागि कसैले चोरी गरेमा चोरको औँलाहरू काटिदिने गर्थे । त्यसैगरी, लिच्छवी र मल्ल कालमा कोर्रा हान्ने र अंगभंग गरिदिने लगायतका शारीरिक सजायको प्रयोग सामान्य मानिन्थ्यो।[४]

आधुनिक नेपालमा बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएपछि बालबालिकालाई विद्यालय, घरपरिवार वा अन्य कुनै पनि स्थानमा शारीरिक दण्डसजाय दिन नपाइने गरी कानूनी रूपमा प्रतिबन्ध लगाइए पनि यसको प्रचलन यथावत नै छ। शहर होस् या ग्रामीण क्षेत्र शिक्षक तथा अभिभावकहरूले अझै पनि बालबालिकालाई अनुशासनको नाममा शारीरिक दण्डसजाय दिने गरेको पाइन्छ। हालसम्म पनि अधिकांश मानिसहरू दण्डसजाय अनुशासन कायम गर्न र अवज्ञालाई निर्मूल पार्न आवश्यक र वैध तरिका भएको मान्छन् । यस परिदृश्यले नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको अवस्था र यसले बालबालिकामा पार्ने मनोवैज्ञानिक असरको समालोचनात्मक मूल्यांकन गर्न आवश्यक देखिन्छ । यस सम्बन्धमा, यस अध्ययनले नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको अवस्था, दण्डसजाय दिने तरिका र कारणहरू के-कस्ता छन् र ती दण्डसजायले, बालबालिकाहरूमा के-कस्तो असर पारेको छ र दण्डसजायलाई रोकथाम गर्न विभिन्न तहका सरोकारवालाहरूको भूमिका के-के हुनसक्छन् भन्ने पहिचान गर्ने उद्देश्य राखेको छ।

---

[३] ल लाइब्रेरी <https://www.advocatekhoj.com/library/lawreports/capitalpunishment/170.php?Title=Capital%20Punishment&STitle=Different%20kinds%20of%20punishment%20in%20Hindu%20Law> १० अप्रिल २०२३ मा हेरिएको।

[४] एसिया वाच प्रतिवेदन, 'नेपालमा मानव अधिकार उल्लङ्घन' (अगस्ट १९८९) १३ <https://books.google.com.np/books?id=CnTFLXce3toC&pg=PA13&lpg=PA13&dq=punishment+in+Kirat+Period&source=bl&ots=J3hibEiknw&sig=ACfU3U10YR-aDGGur6d1_oegxY9HhY3KVQ&hl=en&sa=X&ved=2ahUKEwivks796L3-AhWOQPUHHc4xCOA4ChDoAXoECAIQAw#v=onepage&q=punishment%20in%20Kirat%20Period&f=false> १० अप्रिल २०२३ मा हेरिएको।

## १.२ नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको एक सिंहावलोकन

पछिल्लो राष्ट्रिय जनगणना २०२१ अनुसार नेपालको जनसंख्या जम्मा २ करोड ९० लाख भन्दा केही बढी थियो, जसमध्ये ३३.८४% जनता १८ वर्ष मुनीका बालबालिका रहेका छन् । विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको मुद्दा गम्भीर चिन्ताको रूपमा रहेको छ । बालबालिकालाई निजी तथा सामुदायिक विद्यालयमा पठाउनुको उद्देश्य ज्ञान र सीप सिकून् र भविष्यमा राम्रा मान्छे बनेर राष्ट्र निर्माणमा योगदान दिन सकून् भन्ने नै हो तर विद्यालयमा प्रचलित शारीरिक दण्डसजायको कठोर वास्तविकताले अर्कै अवस्था चित्रित गरेको छ ।

नेपालको पहाडदेखि तराईसम्मका सबै ठाउँमा शारीरिक दण्डसजाय दिने प्रचलन व्यापक रूपमा रहेको यस प्रतिवेदनले देखाएको छ । यस अध्ययनमा सहभागिहरू मध्ये ८८% विद्यार्थीहरूले शारीरिक तथा मानसिक दण्डसजाय भोगेको खुलासा गरेका छन् । सहभागिहरूमा बालअधिकार सम्बन्धी चेतना न्यून रहेको र शारीरिक दण्डसजायका विधिहरू विभिन्न रहेको पाइएको छ । हात वा कुनै वस्तुले पिट्नेदेखि कुखुरा बनाउने, कक्षा कोठाबाट निष्कासित गर्ने वा जबरजस्ती कपाल काटिदिने जस्ता अपमानजनक सजाय पनि दिने गरिएको पाइएकोले विद्यालयहरूमा नियोजित क्रूर अनुशासनका विधिहरू प्रयोग हुने वास्तविकताको खुलासा गरेको छ । यो भन्नु गलत हुनेछैन कि अभिभावकले नै छोराछोरीको शैक्षिक प्रगति, अनुशासित बनाउनको लागि दण्डसजाय दिन लगाउने र बढ्दो व्यापारिक शैक्षिक प्रतिस्पर्धाले गर्दा विद्यालयहरूमा शारीरिक दण्डसजायलाई प्रोत्साहित गरिरहेको छ ।

नेपालमा शारीरिक दण्डसजायलाई अपराधीकरण गर्ने कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट यसको रोकथामका लागि सरकारलाई आवश्यक कदम चाल्न निर्देशनात्मक आदेशहरू जारी भए पनि विद्यालयहरूमा बालबालिकाहरूमाथि शारीरिक दण्डसजाय उल्लेख्य र व्यापक रूपमा हुने गरेको छ । (देवेन्द्र आले बि. नेपाल सरकार, २००५)

यसै सम्बन्धमा यस अध्ययनको उद्देश्य : १) नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजायको अभ्यास, २) शारीरिक दण्डसजाय दिने तरिका र कारणहरू, र ३) बालबालिकामा शारीरिक दण्डसजायको असर र यसको रोकथामका लागि विभिन्न तहका सरोकारवालाहरूको भूमिका पहिचान गर्नु रहेको छ ।

## १.३ अध्ययनको संक्षिप्त पृष्ठभूमि

ओम लिगल स्टडी एण्ड रिसर्च सेन्टरले कानूनी साक्षरता – नेपालसँगको सहकार्यमा यो अध्ययन गरेको हो । यस अध्ययनका लागि विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको प्रवृत्ति र तरिकाहरूको गहन अध्ययन तथा अनुसन्धान मूल्यांकन विधिको प्रयोग गरिएको थियो । यस अध्ययनमा नेपालका पाँच ओटा प्रदेशका १२ ओटा जिल्लाहरूमा सञ्चालित २४ ओटा विद्यालयहरूमा अध्ययनरत २४२ जना बालबालिकाहरू जसमा १२६ जना बालक र ११६ जना बालिकाहरूलाई समावेश गरिएको थियो । यस अध्ययनमा ब्राह्मण, क्षेत्री, दलित, दशनामी, आदिवासी, मधेसी, मुस्लिम, ठकुरी लगायत विभिन्न जातजातिका १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरूको सहभागिता रहेको थियो ।

यस अध्ययनका लागि तथ्यांक संकलन गर्नका लागि सर्वेक्षणहरू, पाँच ओटा केन्द्रित समूह छलफल (FGD), तीन ओटा मुख्य सूचनादाता अन्तर्वार्ता (KII), र चार ओटा घटनाहरूको अध्ययन लगायतका विधिहरू प्रयोग गरिएको थियो । यी बहुआयामिक दृष्टिकोणहरूको प्रयोगले विद्यालयहरूमा विद्यार्थीहरूले अनुभव गरेका शारीरिक तथा मानसिक दण्डसजायको अवस्था थाहा पाउन मद्दत गरेको थियो । यसका साथै, अध्ययनले बालबालिकाको अधिकार, विशेष गरी शारीरिक दण्डसजाय विरुद्धका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको विस्तृत समीक्षा समावेश गर्दै कानूनी व्यवस्था बारेको बुझाईको पनि गहन अध्ययन गरेको थियो ।

## १.४ अनुसन्धान विधि र पद्धति

यस अध्ययनले नेपालका विद्यालयहरूमा हुने शारीरिक तथा मानसिक दण्डसजायको अवस्थालाई विद्यार्थी, शिक्षक र शिक्षा अधिकारीहरूको दृष्टिकोण र अनुभवहरूका आधारमा बुझ्ने उद्देश्य राखेको थियो ।

यस अनुसन्धानको लागि निम्न विधिहरू अवलम्बन गरिएका थिए :

### १.४.१ तथ्यांक संकलन

#### क. सर्वेक्षण

एक अन्तर समूह सर्वेक्षण गरिएको थियो जसमा २४२ जना विद्यार्थी, ३७ जना शिक्षक-शिक्षिका र नौ जना शिक्षा अधिकारीहरू संलग्न थिए ।

**अ. केन्द्रित समूह छलफल (FGD)** : सर्वेक्षणको क्रममा, शारीरिक दण्डसजायको प्रवृति, प्रकृति, कारणहरू र असरहरू बारे गुणात्मक अन्तरदृष्टि प्राप्त गर्न विद्यार्थी, शिक्षक र अभिभावकहरू सम्मिलित पाँच ओटा केन्द्रित समूह छलफलहरू गरिएको थियो ।

**आ. मुख्य सूचनादाता अन्तर्वार्ता (KII)** : अध्ययन तयारी प्रक्रियाको क्रममा शारीरिक दण्डसजायका बारेमा विभिन्न पक्षहरूको धारणा बुझ्ने उद्देश्यले बालअधिकार विज्ञ, शिक्षक र शिक्षा विभागका प्रतिनिधिहरूसँग कूल तीन ओटा प्रमुख सूचनादाता अन्तर्वार्ताहरू गरिएको थियो ।

**ख. प्रश्नावली**

FGDs र KIIs बाट संकलन गरिएका गुणात्मक र मात्रात्मक तथ्यांकहरूका आधारमा शिक्षकहरू, शिक्षा अधिकारीहरू र विद्यार्थीहरूका लागि सांस्कृतिक रूपमा स्वीकार्य तीन सेट छुट्टाछुट्टै प्रश्नावलीहरू बनाई सोको आधारमा तथ्यांक संकलन गरिएको थियो ।

**ग केस स्टडीज**

नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको अवस्था, प्रवृत्ति र प्रकृतिका बारेमा अध्ययन गर्न चार ओटा प्रतीकात्मक घटनाहरूको दस्तावेजीकरण, समीक्षा र विश्लेषण गरिएको थियो ।

**घ. साहित्य समीक्षा**

यस अध्ययनको प्रयोजनका लागि नेपालमा प्रचलित सान्दर्भिक कानूनहरू, नीतिहरू र निर्देशिकाहरू तथा शारीरिक दण्डसजाय सम्बन्धी अनुसन्धान प्रतिवेदनहरूको अध्ययन गरिएको थियो । यसमा सान्दर्भिक प्रकाशनहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरू, नीतिहरू, प्रकाशित दस्तावेजहरू, र अंग्रेजी तथा नेपाली भाषाका शैक्षिक सामग्रीहरूको अध्ययन गरिएको थियो । साहित्यिक सामग्रीहरूका लागि प्रमुख सूचनाकर्ताहरूको सिफारिस र अनलाइनमा प्राप्त शैक्षिक सामग्रीहरूको संकलन र अध्ययन गरिएको थियो ।

### १.४.२ तथ्यांक विश्लेषण

संकलित तथ्यांकलाई गुणात्मक र मात्रात्मक विश्लेषण विधिहरू जस्तै व्याख्या, विश्लेषण र तथ्यांकको तुलनात्मक अध्ययन गरिएको थियो । सबै संकलित तथ्यांकलाई विश्लेषण

गर्नु पूर्व डेटाबेसमा हालेर सफा र स्पष्ट पारिएको थियो। संकलित तथ्यांकलाई सफा र स्पष्ट पारिसकेपछि विभिन्न विषयगत क्षेत्रहरूमा वर्गीकृत गरिएको थियो। वर्गीकृत तथ्यांकलाई बार, चार्ट र समालोचनात्मक विश्लेषण मार्फत प्रस्तुत गरिएको छ। त्यसपछि तथ्यांकको विश्लेषणको आधारमा निष्कर्ष र सिफारिसहरू गरिएको छ।

अध्याय – दुई

# शारीरिक दण्डसजाय विरुद्धका कानून

शारीरिक दण्डसजाय विरुद्ध विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरूले नेपालका विद्यालयहरूमा तथाकथित 'प्रचलित अनुशासनात्मक अभ्यास' लाई अध्ययनको दायरामा ल्याउनको लागि ठोस आधार प्रदान गर्दछ। यस अध्ययनका निष्कर्षले प्रचलित संवैधानिक अधिकार, ऐन, नीति र निर्देशनहरूको कार्यान्वयनमा बाधा पुऱ्याउने तत्त्वहरूको पहिचान गरी कार्यान्वयनमा जानु पर्ने आवश्यकता पनि औँल्याएको छ।

## २.१ अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरू

'शारीरिक' शब्दले शरीर वा शारीरिक रूपमा आधारित शक्तिलाई जनाउँछ। 'शारीरिक दण्ड' शब्दलाई 'शारीरिक सजाय' शब्दका रूपमा पनि प्रयोग गरिन्छ, जसले अनुशासन वा सुधारका लागि व्यक्तिलाई शारीरिक पीडा वा असुविधा हुने गरी सजाय दिइन्छ। तर शारीरिक सजायले पीडा दिने मात्र होइन, यसले अन्य प्रकारका असुविधाहरू पनि दिन्छ। धेरै जना लेखकहरूले पनि औँल्याएका छन् कि 'बालबालिकालाई लामो समयसम्म उभिन बाध्य पार्ने, असहज ठाउँमा थुनेर राख्ने वा हानिकारक पदार्थ खान बाध्य पार्ने जस्ता शारीरिक तथा मानसिक आघात पुग्ने खालका शारीरिक सजायहरू पनि दिने गरिन्छ। (Odeyinde, 2021; Glenn, 1983)

**क. मानव अधिकारको विश्वव्यापी घोषणा (UDHR)**

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र (UDHR, 1948) को धारा ५ ले "यातना वा कुनै पनि प्रकारको क्रूर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्ध दृढ अडान" को

घोषणा गरेको छ । यो प्रावधान अत्यन्त महत्त्वपूर्ण छ किनभने यसले शारीरिक दण्डसजायको निषेधका लागि बलियो आधार प्रदान गरेको छ, जुन अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको आधारभूत सिद्धान्त र मानव मर्यादाको सम्मान गर्ने सर्वोच्च सिद्धान्त पनि हो ।

## ख. बाल अधिकार सम्बन्धी महासन्धि (CRC)

बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (CRC, 1989), बालबालिकाको अधिकारसम्बन्धी सबैभन्दा व्यापक रूपमा अनुमोदन गरिएको अन्तर्राष्ट्रिय सन्धि हो । सीआरसीले "बालबालिकामाथि अभिभावकहरू, कानूनी अभिभावकहरू वा बालबालिकाको हेरचाह गर्ने अन्य कुनै व्यक्तिबाट हुनसक्ने शारीरिक वा मानसिक हिंसा, चोटपटक वा दुर्व्यवहार, बेवास्ता वा लापरवाही, दुर्व्यवहार वा शोषण, यौन दुर्व्यवहार लगायतका सबै प्रकारका हानीबाट जोगाउन राज्यले कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक लगायतका सबै उपयुक्त उपायहरू अवलम्बन गर्नु पर्छ भनी व्यवस्था गरेको छ । (सिआरसी, धारा १९)

यसका साथै, सिआरसीले पक्ष राष्ट्रहरूलाई प्राथमिक शिक्षा अनिवार्य र सबैका लागि निःशुल्क बनाउन सिफारिस गरेको छ । यस प्रावधानले विद्यालय अनुशासन जस्तो संवेदनशील पक्षलाई ध्यान दिंदै बालबालिकाको मानवीय मर्यादाको संरक्षण गरिनु पर्ने कुरामा जोड दिएको छ । यसले विशेष गरी विश्वव्यापी अज्ञानता र निरक्षरता हटाउन, ज्ञान र शिक्षण विधिहरूमा पहुँच सहज बनाउन र विकासशील देशहरूको विशेष आवश्यकताहरू सम्बोधन गर्न शिक्षामा अन्तर्राष्ट्रिय सहयोगको वकालत पनि गरेको छ । (सिआरसी, धारा २८[३])

साथै, सिआरसीले यातना, क्रूर, अमानवीय, वा अपमानजनक व्यवहारको प्रयोगलाई पनि स्पष्ट रूपमा निषेध गर्दै विशेष गरी १८ वर्ष भन्दा कम उमेरका व्यक्तिहरूले गरेका अपराधहरूको लागि मृत्युदण्ड वा रिहाइको सम्भावना नहुने गरी आजीवन कारावासको सजायलाई स्पष्ट रूपमा गैरकानूनी ठहर गरेको छ । त्यसैगरी, यसले बालबालिकालाई स्वतन्त्रताबाट वञ्चित गर्ने कार्य कानून बमोजिम हुनु पर्ने र यसको प्रयोग अन्तिम उपायको रूपमा र यथासम्भव छोटो अवधिको लागि हुनु पर्ने र वयस्क बन्दिहरूबाट अलग राखिनु पर्नेमा जोड दिएको छ । (धारा ३७(ख); धारा २७(ग))

### ग. बालअधिकार समिति

महासन्धिको सन्धि निकाय, बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय समिति (जसलाई सिआरसी समिति पनि भनिन्छ), ले शारीरिक दण्डसजायलाई यसरी परिभाषित गरेको छ :

> "... कुनै पनि दण्ड जसमा शारीरिक बल प्रयोग गरिन्छ र केही हदसम्म भए पनि पीडा वा कष्ट दिइन्छ भने त्यो शारीरिक दण्डसजाय हो । यसमा धेरै जसो बच्चाहरूलाई हात वा अन्य वस्तु जस्तै कोर्रा, लट्ठी, बेल्ट, जुत्ता, काठको दाबिलोले हिर्काउने ("चड्कन", "थप्पड", "पुट्ठामा हान्ने") इत्यादि गरिन्छ । यसका अतिरिक्त लात्तीले हान्ने, बच्चाहरूलाई झड्कार्ने वा फ्याँक्ने, चिथोर्ने, चिमोट्ने, टोक्ने, कपाल तान्ने वा कान तान्ने, बालबालिकालाई असहज स्थितिमा बस्न बाध्य पार्ने, जलाउने, गाली गर्ने वा जबरजस्ती अखाद्य वस्तु खान लगाउने, जस्तै साबुनपानी हालेर मुख खोकल्न लगाउने वा तातो खानेकुरा निल्न लगाउने, खुर्सानी खान लगाउने आदि पनि गरिन्छ भने त्यो शारीरिक दण्डसजाय हो ।" (सिआरसी समिति २००६)

यसबाहेक, सिआरसी समितिले सजायका अन्य गैर-शारीरिक स्वरूपहरू पनि उल्लेख गरेको छ, जुन क्रूर र अपमानजनक पनि छन् । यसमा, उदाहरणका लागि, बच्चालाई बेइज्जत गर्ने, अपमान गर्ने, बेवास्ता गर्ने, बलिको बोको बनाउने, धम्की दिने, तर्साउने, वा उपहास गर्ने जस्ता सजायहरू रहेका छन् । (सिआरसी समिति २००६)

सिआरसी समितिले शारीरिक दण्डलाई मात्र परिभाषित गर्दैन तर यसप्रति "शून्य सहनशीलता" को नीतिलाई पनि समर्थन गर्दछ । यसले विभिन्न स्थानहरू जस्तै घरपरिवार, सबै प्रकारका वैकल्पिक हेरचाह केन्द्रहरू, विद्यालयहरू, र अन्य शैक्षिक संस्थाहरूमा बालबालिकामाथि हुने शारीरिक दण्डसजाय र अन्य प्रकारका क्रूर र अपमानजनक व्यवहारलाई कडाइका साथ निषेध गरेको छ । (सिआरसी समिति २००६)

सिआरसी समितिले (सामान्य टिप्पणी नं. २०, धारा ७) यातना, वा अन्य क्रूर, अमानवीय, वा अपमानजनक व्यवहार वा सजायको निषेध गर्दै भनको छ "शारीरिक पीडा मात्र होइन पीडितलाई मानसिक पीडा दिने कार्यलाई पनि निषेध गरिएको छ । समितिको विचारमा, यसबाहेक, कुनै अपराधको लागि वा शिक्षामूलक कार्य वा अनुशासन पालना गराउने उपायको रूपमा दिइने शारीरिक दण्डसजाय पनि निषेधित गरिएको हुनुपर्दछ ।" (मानव अधिकार समिति १९९२)

**सिआरसी समितिका सिफारिसहरू**

बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय समितिले सन् १९९६ मा सर्वप्रथम नेपालमा शारीरिक दण्डसजायको मुद्दा उठाएको थियो र यसलाई घरपरिवार लगायत अन्य स्थलमा पनि निषेध गर्न सिफारिस गरेको थियो। (सिआरसी समिति १९९६)

सन २००५ मा सिआरसी समितिले "पक्ष राष्ट्रहरूलाई (क) घरपरिवार, विद्यालय र अन्य संस्थाहरूमा बालबालिकामाथि हुने शारीरिक दण्डसजाय र दुर्व्यवहारलाई स्पष्ट रूपमा कानूनद्वारा निषेध गर्न सिफारिस गरेको थियो, (ख) बालबालिकासँग काम गर्ने अभिभावक, शिक्षक र पेशाकर्मीहरूलाई, विशेष गरी संस्थाहरूमा, साथै आमजनतालाई शारीरिक सजाय र दुर्व्यवहारले बालबालिकामा पार्ने नकारात्मक प्रभावबारे जानकारी गराउन सचेतना अभियान चलाउने र सो कार्यमा बालबालिका र सञ्चारमाध्यमलाई सक्रिय रूपमा सहभागि गराउने, (ग) समाजका सबै तहमा बालबालिकाको मानवीय मर्यादा र विशेष गरी महासन्धिको धारा २८(२) को व्यवस्था अनुसार शारीरिक दण्डसजायको विकल्पका रूपमा सकारात्मक, सहभागितामूलक, अहिंसात्मक अनुशासनका विधिहरू बनाएर लागू गर्ने, र (घ) विद्यालयमा हुने शारीरिक दण्डसजाय रोक्नको लागि उपयुक्त कानूनी उपायहरू अवलम्बन गर्न सिफारिस गरेको थियो ।" (सिआरसी समिति २००५, सिआरसी समिति १९९६)

**घ) दिगो विकास लक्ष्यहरू**

सन् २०१५ मा स्वीकृत दिगो विकास लक्ष्य (SDG) अनुसार राज्यहरू मानव अधिकारको सम्मान गर्न र शान्तिपूर्ण, अहिंसात्मक समाज निर्माण गर्न प्रतिबद्ध छन् । बालबालिका माथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न शारीरिक दण्डसजायको अन्त्य गर्नु जरुरी छ (SDG target no.16.2) भने यसभन्दा बढी सम्पूर्ण समाजलाई हिंसामुक्त गर्न जरुरी हुन्छ । यसका साथै राज्यले स्वास्थ्य (SDG 3), शिक्षा (SDG 4), महिला र बालिका विरुद्धको हिंसा (SDG 5 र 16), समानता (SDG 5 र 10), र वित्तिय स्थिरता र वृद्धि (SDG 8) लगायत अन्य दिगो लक्ष्यहरूमा काम गर्न जरुरी छ । (बालबालिका विरुद्ध हिंसा अन्त्यका लागि विश्वव्यापी साझेदारी २०२१)

यद्यपि, दिगो विकास लक्ष्यहरू कानूनी रूपमा बाध्यकारी नहुन सक्छ। तर तिनीहरूले देशहरूलाई अन्तर्राष्ट्रिय फोरमहरूमा व्यक्त गरिएका प्रतिबद्धताहरू पूरा गर्नका लागि

महत्त्वपूर्ण मार्गनिर्देशन र प्रोत्साहनको रूपमा काम गर्छन् । नेपालले पनि दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

### ङ) बालबालिका विरुद्धको हिंसासम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रतिवेदन

प्रतिवेदनले बालबालिका विरुद्धको हिंसा व्यापक छ र यो घर, सडक, विद्यालय, कार्यस्थल, हिरासत केन्द्र, र बाल हेरचाह केन्द्रहरू लगायतका विविध परिवेशमा व्याप्त रहेको औँल्याएको छ । बालबालिकाको मर्यादाको सम्मान गर्दै उनीहरूमाथि कुनै पनि बहानामा हिंसा गर्ने अधिकार कसैलाई छैन । (बालबालिका विरुद्ध हिंसासम्बन्धी एसआरएसजीको कार्यालय २०१५)

### च) विश्वव्यापी आवधिक समीक्षामा मानव अधिकार परिषद्

सन् २०११ (सत्र १०), सन २०१५ (सत्र २३) र सन् २०२१ (सत्र ४७) मा विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत नेपालको समीक्षा गरिएको थियो । बालबालिकामाथि हुने शारीरिक दण्डसजायका सम्बन्धमा कुनै विशेष सिफारिसहरू नभए पनि समीक्षकहरूले नेपालले बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य र बालसेना भर्तीलाई घरेलु कानून अन्तर्गत दण्डनीय हुने कुरा सुनिश्चित गर्न सुझाव दिएको थियो । समीक्षकहरूले नेपालले बालबालिका विरुद्धको हिंसा सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मेलखाने गरी संशोधित बालबालिका सम्बन्धी कानून बनाई लागू गर्न सिफारिस गरेको थियो ।

## २.१.२ राष्ट्रिय कानूनी संरचना

### क. प्रो पब्लिक नेपाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य समेत

नेपालको सर्वोच्च अदालतले “रक्षा शिक्षाको निहुँमा कुटपिट गर्नु यातनाको कुरा हुन्छ, परिणाममा मारिन्छ भने अपराधजन्य कार्य हुने” भनी व्याख्या गरेको छ । रक्षा शिक्षा गर्ने काम पुनित भए पनि सोही सिलसिलामा भएको कसुर भने कसुर नै हुन्छ र त्यसलाई त्यही रूपमा हेरिनु पर्छ । (प्रो पब्लिक नेपाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य समेत)

यस आदेशले मुलुकी ऐन, २०१९ को रक्षा शिक्षाको आडमा कुटपिट गर्न अनुमति दिने र न्यूनतम क्षतिपूर्ति दिने प्रावधानलाई बदर घोषित गरिदिएको छ। अन्यथा, यस्तो व्यवस्थाले सम्मानपूर्वक बाँच्न पाउने र यातना विरुद्धको अधिकारको हनन मात्र नभई नेपालले अनुमोदन गरेको बाल अधिकार महासन्धि, १९८९ को धारा १९(१), २८(२), र ३७(क) को पनि विरुद्ध हुन्छ भनी आदेशमा भनिएको छ।

## ख. देवेन्द्र आले विरुद्ध नेपाल सरकार

सर्वोच्च अदालतले यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार निषेध सम्बन्धी संवैधानिक व्यवस्था कानूनको विवादमा परेका व्यक्तिहरूमाथि मात्र लागू नभई सबै व्यक्तिहरूलाई समान रूपमा लागू हुन्छ भनी व्याख्या गरेको छ (देवेन्द्र आले विरुद्ध नेपाल सरकार २००५)। यस निर्णयले "सामान्य कुटपिट" लाई अनुमति दिने प्रावधानलाई अमान्य घोषित गरेको छ भने सरकारी अधिकारीहरूलाई बालबालिकामाथि हुने शारीरिक दण्डसजाय रोक्न सक्रिय कदम चाल्न आदेश दिएको छ। सर्वोच्च अदालतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतलाई बालबालिकामाथि हुने शारीरिक दण्डसजायका साथै अन्य कुनै पनि प्रकारका क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दुर्व्यवहार रोक्न वा त्यस्ता सम्भावित घटना रोक्नका लागि प्रभावकारी कदम चाल्न निर्देशन दिएको छ।

यी नजिरहरूले शारीरिक दण्डसजायको निषेधका लागि राष्ट्रिय कानून परिमार्जित गर्ने काममा मुख्य भूमिका खेलेका छन्। यी नजिरहरूले विकसित नेपाली कानूनी परिदृश्यमा योगदान पुऱ्याएको मात्र छैन, यसले नेपाललाई बालबालिका विरुद्धको शारीरिक दण्डसजायलाई स्पष्ट रूपमा निषेध गर्ने दक्षिण एसियामा पहिलो र विश्वको ५४ औँ राष्ट्रको रूपमा अग्रगामी बनाइदिएको छ।

## ग. नेपालको संविधान

नेपालको संविधान, २०१५ ले बालअधिकारलाई मौलिक हकका रूपमा समावेश गरेको छ। धारा १६ मा 'प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ' भनिएको छ (नेपालको संविधान, २०१५)। यसबाहेक, धारा ३९(७) ले "कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य स्थान र जुनसुकै अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन" भनिएको छ । यी अधिकारहरूलाई नेपालको

संविधानमा मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ । मौलिक हकको उल्लङ्घन भएको अवस्थामा संवैधानिक उपचारको हक हुनेछ ।

**घ. मुलुकी अपराध संहिता, २०७४**

मुलुकी अपराध संहिता, २०७४ ले सन २०१८ मा मुलकी ऐनलाई प्रतिस्थापन गऱ्यो । ऐनको दफा १३ मा १० वर्ष मुनिका बालबालिकाले गरेको कुनै पनि कार्यलाई अपराध मानिने छैन भनिएको छ । १० वर्ष मुनिको बच्चा कुनै पनि प्रकारको सजायको लागि उत्तरदायी हुनुपर्ने छैन । ऐनको दफा ४५ अनुसार १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाले कसुर गरेमा बढीमा ६ महिनासम्म कैद वा बढीमा एक वर्षसम्म सुधार गृहमा पठाउन सकिने व्यवस्था छ । यदि बच्चा १४ देखि १६ वर्ष बीचको छ भने, उसलाई कानूनले वयस्कको लागि तोकेको सजायको आधा सजाय हुने व्यवस्था गरेको छ । १६ वर्ष वा १६ वर्षभन्दा माथि तर १८ वर्षभन्दा कम उमेरको बालबालिकाले कैद सजाय हुने कुनै कसुर गरेमा त्यस्तो व्यक्तिलाई कानूनबमोजिम वयस्क व्यक्तिलाई हुने सजायको दुई तिहाइ सजाय हुने व्यवस्था गरेको छ ।

**ङ. मुलुकी देवानी संहिता, २०७४**

ऐनको दफा १२९ ले नाबालकको आचरण, बानी, व्यहोरा तथा चरित्रमा सुधार गर्न आवश्यक ठानेमा बाबुआमाले त्यस्ता नाबालकलाई उपयुक्त सम्झे बमोजिमको कुनै कार्य गरी नाबालकको आचार वा बानी व्यहोरामा सुधार गर्न लगाउन सक्नेछन् तर निजलाई शारीरिक वा मानसिक कष्ट हुने कुनै व्यवहार गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ ।

**च. शिक्षा ऐन (आठौँ संशोधन) २०७३**

ऐनको दफा १६(ड) ले बालबालिकालाई विद्यालयबाट निष्कासित गर्दा शारीरिक वा मानसिक दुर्व्यवहार गर्न निषेध गरेको छ । (शिक्षा ऐन (आठौँ संशोधन) २०७३)

**छ. शिक्षा नियमावली (नवौँ संशोधन) २०७७**

शिक्षक आचारसंहिता अन्तर्गतको नियम १३३(१)(ट) ले विद्यार्थीलाई शारीरिक र मानसिक यातना दिन स्पष्ट रूपमा निषेध गरेको छ । वि.सं. २०६७ मा नियमको छैटौँ संशोधनद्वारा प्रावधान थपिएको थियो । शिक्षा (नियमावली (नवौँ संशोधन) २०७७)

## ज. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

यस ऐनले कुनै पनि बालबालिका विद्यालयमा भर्ना भएपछि आधारभूत शिक्षा प्राप्त नगरी विद्यालयबाट निष्कासित गर्न नपाईने स्पष्ट रूपमा व्यवस्था गरेको छ । यसबाहेक, अनुशासनहीन व्यवहारका कारण विद्यालयमा भर्ना भएका बालबालिकालाई आधारभूत शिक्षा वा परीक्षा दिनबाट वञ्चित गर्न पाइँदैन । विद्यालयले त्यस्ता बालबालिकालाई परामर्श सेवाहरू प्रदान गर्न अनिवार्य गरिएको छ । अनुशासन, आचरण वा अध्ययनमा सुधार आवश्यक भएमा प्रधानाध्यापकले अभिभावकसँग परामर्श गरी आधारभूत तहसम्म बालबालिकाको शिक्षाका लागि अनुकूल वातावरण निर्माण गर्न मनोसामाजिक परामर्श वा अन्य आवश्यक विकल्पहरू लागू गर्नुपर्छ ।

## झ. बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २(ञ) ले बालबालिकालाई १८ वर्ष मुनिका व्यक्तिहरू भनेर परिभाषित गरेको छ । निम्न अनुच्छेदहरूले ऐनका केही प्रावधानहरूको विश्लेषण गरेको छ :

### संरक्षणको अधिकार

ऐनको दफा ७(५) मा उल्लिखित बालबालिकाको अधिकारको संरक्षणलाई समावेश गर्न ऐनको दायरा फराकिलो बनाइएको छ, जसमा भनिएको छ, "प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक वा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैंगिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ ।"

यसबाहेक, दफा ७(६) ले "प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने हक हुनेछ र बालबालिकालाई हानि हुने वा उनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ ।" साथै, कसैले पनि सशस्त्र द्वन्द्व वा जुनसुकै प्रतिकूल अवस्थामा कुनै पनि बहानामा बालबालिकाको हितका लागि प्रयोग हुने विद्यालय लगायतका स्थान, सेवा वा सुविधामा आक्रमण वा सोको सञ्चालन एवं व्यवस्थापनमा अवरोध गर्न वा गराउन हुँदैन भनी ऐनको दफा ७(८) ले व्यवस्था गरेको

छ । यो प्रतिबन्ध सशस्त्र द्वन्द्व वा कुनै पनि प्रतिकूल परिस्थितिमा अपवाद बिना नै लागू हुन्छ ।

### बाल संरक्षण मानकहरू

ऐनले बालबालिकासँग प्रत्यक्ष रूपमा काम गर्ने सार्वजनिक संस्था, विद्यालय, निजी क्षेत्र र सामाजिक संस्थाहरूलाई संस्थागत स्तरमा बाल संरक्षण मापदण्डहरू विकास र कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यी मापदण्डहरूले बाल यौन दुर्व्यवहार र बालबालिकामाथि हुने हिंसालाई रोक्नुका साथै बालबालिकाको हितको रक्षा गर्न र उजुरीहरू उपर तुरुन्त कारबाही सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ । विद्यालयहरू, प्रत्येक सार्वजनिक निकायका प्रमुख, निजी क्षेत्र र सामाजिक संस्थाहरूलाई यी बाल संरक्षण मापदण्डहरू लागू गर्न अनिवार्य गरिएको छ । (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७)

### बालबालिका विरुद्धको कसुर र सजाय

ऐनको दफा ६६(२)(घ) ले बालबालिकालाई घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई अपराधीकरण गरेको छ । यस्ता व्यवहारलाई बालबालिका विरुद्धको हिंसा मानिन्छ । दफा २(ट) र दफा ६६(२)(ङ) ले शारीरिक चोटपटक वा असर पुऱ्याउने, आतंकित पार्ने, तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने कार्यलाई निषेध गरेको छ । यसबाहेक, ऐनले विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने वा कष्ट दिने कार्य फौजदारी अपराध हुनेछ भनी व्यवस्था गरेको छ ।

ऐनले वैकल्पिक हेरचाह केन्द्रहरूमा पनि बालबालिकाको सुरक्षा सुनिश्चित गरेको छ । कानून संशोधन हुनु अघि घरमा, वैकल्पिक हेरचाह केन्द्र र दिवा हेरचाह केन्द्रहरू, विद्यालयहरू र सुधारगृहहरूमा बालबालिकाको हितका नाममा हुने शारीरिक दण्डसजायलाई वैध मानेको थियो । दफा ६७(१) ले सार्वजनिक वा निजी संस्थामा काम गर्ने व्यक्तिले बालबालिका विरुद्धको कसुर गरेको ठहरेमा निजलाई प्रचलित कानून बमोजिम बर्खास्त गरी कसुरको गाम्भिर्यता र प्रकृतिको आधारमा भविष्यमा बालबालिकासँग प्रत्यक्ष सम्बन्ध राखी काम गर्न वा त्यस्तो निजी संघ, संस्थामा नियुक्ति, मनोनित वा निर्वाचित हुन १० वर्षसम्म योग्य नहुने व्यवस्था गरेको छ ।

बालबालिका विरुद्धको कसुर गरेमा कसुरको मात्रा हेरी त्यस्ता कसुरदारलाई ५० हजार रुपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद हुने व्यवस्था ऐनले गरेको छ। (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७२(३)(क)

## ञ. बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ (२०१२)

यस नीतिको मुख्य उद्देश्य बालबालिकालाई सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण, वा यौन दुर्व्यवहारबाट संरक्षण गर्ने रहेको छ। नीति (७.१) बालबालिका उपर हुने सबै प्रकारका शारीरिक र मानसिक दुर्व्यवहारलाई अपराध मानिनेछ। परिवार, शिक्षण संस्थाहरू र बालगृहले बालबालिकालाई दुर्व्यवहार गर्न नपाइने व्यवस्था गरिनेछ (नीति ८.६) भन्ने नीति लिएको छ। यसका साथै यस नीतिले बालबालिकालाई घरमा, विद्यालयमा, कार्यस्थल वा समुदायमा सबै प्रकारका दुर्व्यवहार, वञ्चितीकरण, शोषण, हिंसा र भेदभाव तथा शारीरिक सजाय एवं सबै प्रकारका यातनाहरूबाट सुरक्षित गर्न आवश्यक कानून बनाई प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ (नीति ८.२५)।

## ट. राष्ट्रिय शिक्षा नीति, २०७६

यस नीतिले शिक्षक तथा कर्मचारी र अधिकारीहरूलाई आफ्नो जिम्मेवारी बहन गर्दै पेसा वा जिम्मेवारी प्रति उत्तरदायी बनाउन पेसागत आचारसंहिता बनाई लागू गर्ने एवं पेसागत हकहित संरक्षणका लागि एकल पेसागत संगठनको कानूनी प्रबन्ध गर्ने परिकल्पना गरेको छ (नीति १०.३७)। साथै, यस नीतिले "विद्यालय शान्ति क्षेत्र" (School as Zone of Peace) को अवधारणालाई कार्यान्वयन गर्दै शिक्षालयहरूलाई दण्डरहित (non-violence) शिक्षण सिकाइ गर्ने थलोको रूपमा विकास गरिनेछ भन्ने लक्ष्य राखेको छ। (नीति १०.३७.५)

## ठ. विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८

विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राखी बालबालिकालाई बालमैत्री वातावरणमा गुणस्तरीय शिक्षाको अधिकार प्रदान गर्न विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ल्याइएको हो। यस निर्देशिकाले राज्य संयन्त्र र सम्बन्धित सरोकारवालाहरू बीच साझा अवधारणा र समन्वयको आवश्यकतालाई जोड दिएको छ। निर्देशिकाको उद्देश्य नं. ४.३ ले विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राख्नु रहेको स्पष्ट पारेको छ।

अध्याय – तीन

# नेपालमा शारीरिक दण्डसजायको प्रवृति

## ३.१ तथ्यांक विश्लेषण

यस अध्ययन प्रयोजनका लागि पाँच ओटा प्रदेशका १२ जिल्ला (सोलुखुम्बु, बारा, पर्सा, धनुषा, महोत्तरी, रामेछाप, काठमाडौँ, नवलपरासी, नवलपुर, दाङ, रोल्पा, र सुर्खेत) का २४ ओटा सामुदायिक विद्यालय र निजी विद्यालयमा अध्ययनरत २४२ जना बालबालिकाहरू (११६ बालिका र १२६ बालक) सँग अन्तर्वार्ता लिएर शारीरिक दण्डसजायको नमूना तथ्यांक संकलन गरिएको थियो । अन्तर्वार्ता लिइएका विद्यार्थीहरूमध्ये १४८ जना विद्यार्थी सामुदायिक विद्यालयका र ९४ जना विद्यार्थी निजी विद्यालयका थिए। सर्वेक्षणमा ३८ ब्राह्मण, ४२ क्षेत्री, १३ दलित, ३ दशनामी, ६६ आदिवासी जनजाति, ३७ मधेसी, ५ मुस्लिम, १० ठकुरी, १८ अन्य र आफ्नो जात नखुलाएका १० जना सहभागी थिए। उमेरका हिसाबले १२ वर्षका ४ जना, १३ वर्षका २४ जना, १४ वर्षका ५२ जना, १५ वर्षका ८२ जना, १६ वर्षका ३९ जना, १७ वर्षका २९ जना, १८ वर्षका १२ जना बालबालिका सहभागि थिए।

त्यसैगरी नमुना तथ्यांक संकलनका लागि सोही विद्यालयका ३७ जना (१९ जना पुरुष र १८ जना महिला) शिक्षक-शिक्षिकाहरूको पनि अन्तर्वार्ता लिइएको थियो। त्यसैगरी आधिकारिक धारणा संकलन गर्न यी विद्यालयहरू सञ्चालन भएका सम्बन्धित नगरपालिका/गाउँपालिकाका नौ जना शिक्षा अधिकारीहरूसँग पनि अन्तर्वार्ता लिएर नमूना तथ्यांक संकलन गरिएको थियो।

विद्यार्थी, शिक्षक र शिक्षा अधिकारीहरूका लागि छुट्टाछुट्टै प्रश्नावलीहरू तयार पारिएको थियो (अनुसूची १ हेर्नुहोस्) । तथ्यांकको निष्कर्षलाई निम्नानुसार विश्लेषण गरिएको छ :

## ३.१.१ शारीरिक दण्डसजाय प्रति विद्यार्थीहरूको प्रतिक्रिया

### अ. शारीरिक दण्डसजाय विरुद्ध कानूनी प्रावधानबारे जानकारी

नेपालमा १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका मानिन्छ भन्ने कुरामा प्रश्न गर्दा अन्तर्वार्ता लिइएका २४२ विद्यार्थीमध्ये :

- २०२ जनाले आफू जानकार रहेको प्रतिक्रिया दिए।
- २९ जनाले अन्तर्वार्ताबाट मात्रै थाहा पाएको बताए।
- ११ जनाले आफूलाई यसबारे जानकारी नभएको प्रतिक्रिया दिए।

नेपालको संविधानको धारा ३९ ले सुनिश्चित गरेको बालबालिकाको अधिकारबारे प्रश्न गर्दा सर्वेक्षणमा सहभागि २४२ जना विद्यार्थीहरू मध्ये :

- १४७ जनाले आफूलाई थाहा भएको दाबी गरे।
- ६६ जनाले भर्खरै थाहा पाएको बताए।
- २९ जनाले यसबारे आफूलाई जानकारी नभएको बताए।

नेपालको संविधानको धारा ३९(७) ले बालबालिकालाई घर, विद्यालय तथा अन्य स्थानमा शारीरिक र मानसिक सजाय दिन निषेध गरेको बारेमा प्रश्न गर्दा, अन्तर्वाता लिइएका विद्यार्थीहरू मध्ये :

- ११० जनाले यस प्रावधानको बारेमा आफूलाई जानकारी रहेको बताए।
- ५३ जनाले आफूहरू यसबारे प्रश्नावलीबाट हालै जानकारी भएको बताए।
- ७९ जनाले आफूलाई यसबारे जानकारी नभएको बताए।

मुलुकी दण्ड संहिता, २०७४ को दफा १९१ मा कुनै व्यक्तिलाई चोट पुऱ्याउनेलाई तीन वर्ष कैद वा ३० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको बारे प्रश्न गर्दा :

- ६० जनाले यसबारेमा जानकारी रहेको बताएका थिए।
- १२५ जनाले यही अन्तर्वार्ताबाट थाहा पाएको बताए।
- ५७ जनाले आफूलाई थाहा नभएको बताए।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७२ को प्रावधानमा बालबालिकालाई शारीरिक दण्डसजाय दिने वा बालबालिकाको हित विपरित काम गर्ने व्यक्तिलाई आर्थिक जरिवाना वा जेल सजाय हुने व्यवस्था बारेमा सोधिएको प्रश्नमा :

- ४४ जनाले आफूलाई थाहा नभएको बताए।
- ८६ जना विद्यार्थीले अहिले भर्खरै थाहा पाएको बताए।
- ११२ जना विद्यार्थीले आफूलाई यसबारे थाहा भएको बताए।

**आ. विद्यालयहरूमा शारीरिक दण्डसजायको अनुभव**

- अन्तर्वाता लिइएका २४२ जना विद्यार्थीहरू मध्ये ५५% (१४८) विद्यार्थीहरू सामुदायिक विद्यालयका र ४५% (९४) विद्यार्थीहरू निजी विद्यालयका थिए।
- उनीहरूलाई के तपाईंले शिक्षकहरूबाट शारीरिक दण्डसजाय भोग्नुपरेको छ भन्ने प्रश्नको जवाफमा ८८% (२१३) विद्यार्थीहरूले आफूले शारीरिक दण्डसजाय भोगेको बताएका थिए भने जम्मा १२% (२९) ले मात्र दण्डसजाय नपाएको बताएका थिए।
- शारीरिक दण्डसजाय भोगेका २१३ जना विद्यार्थीहरूमध्ये निजी विद्यालयका ४४.१४% अर्थात् सबै ९४ जना विद्यार्थीहरू र सामुदायिक विद्यालयका ५५.८६% अर्थात् ११९ जना विद्यार्थीहरू थिए।
- तीमध्ये कक्षा ७ का २ जना, कक्षा ८ का ४९ जना, कक्षा ९ का ५९ जना, कक्षा १० का ८७ जना, कक्षा ११ का ११ जना, कक्षा १२ का ५ थिए।
- शारीरिक दण्डसजाय पाएको दाबी गर्ने विद्यार्थीहरू मध्ये १०८ जना बालक र १०५ जना बालिकाहरू थिए।

### इ. शारीरिक दण्डसजायका प्रकारहरू

शिक्षकहरूले शारीरिक दण्डसजाय दिन के-कस्ता वस्तुहरू प्रयोग गर्छन् भन्ने प्रश्नको उत्तरमा :

- ८७.७९% (१८७ विद्यार्थी) ले लाठी, स्केल वा अन्य वस्तुले पिट्ने गरेको बताएका थिए।
- ५९.६२% (१२७ विद्यार्थी) ले शरीरका अंगहरू अर्थात् हात खुट्टा प्रयोग गरेर थप्पड हानेको वा चोट लागेको जानकारी दिएका थिए।
- ५०.७०% (१०८ विद्यार्थी) ले कान बटार्ने, कपाल लुछ्ने गरेको गुनासो गरेका थिए।
- ४४.२३% (९४ विद्यार्थी) ले औँलाहरूका बीचमा पेन्सिल वा अन्य वस्तु हालेर दबाउने गरेको बताएका थिए।
- ८२.२२% (१७३ विद्यार्थी) ले कान समातेर उठबस गर्न लगाएको बताए।
- २५.३५% (५४ विद्यार्थी) ले अनावश्यक शारीरिक काममा संलग्न गराएको गुनासो गरेका थिए।
- ९.३८% (२० विद्यार्थी) ले सहपाठीहरूको अगाडि लुगा खोल्न लगाएको बताएका थिए।
- ४६.९४% (१०० विद्यार्थी) ले कुखुरा बनाएको बताएका थिए।
- ३९.४३% (८४ विद्यार्थी) ले लामो समयसम्म डेस्कमा उभिन लगाएको बताएका थिए।
- ७१.३६% (१५२ विद्यार्थी) ले कक्षाकोठाबाट बाहिर निकालिदिएको बताएका थिए।
- ३०.५१% (६५ विद्यार्थी) ले थप गृहकार्य दिएको बताएका थिए।
- ३७.५५% (८० विद्यार्थी) ले जबरजस्ती कपाल काटिदिएको बताएका थिए।
- २३% (४९ विद्यार्थी) ले पैसा जरिवाना गरिएको बताएका थिए।

- १७.३७% (३७ विद्यार्थी) ले विपरीत लिंगका सहपाठीहरू बीच बस्न लगाएको बताएका थिए।
- ५.६३% (१२ विद्यार्थी) ले कागज वा अन्य अखाद्य वस्तु चपाउन लगाएको बताएका थिए।
- २३.४७% (५० विद्यार्थी) ले विद्यालयको गेटबाट प्रवेश नदिएको दाबी गरे।
- २७.६९% (५९ विद्यार्थी) ले केही दिन विद्यालय आउन निषेध गरिएको बताए।
- २३.९४% (५१ विद्यार्थी) ले विद्यालयबाट निष्कासन गरिएको दाबी गरे।
- ७.०४% (१५ विद्यार्थी) ले मसी वा कागज प्रयोग गरेर अनुहार वा लुगा बिगारेर अपमानित गरेको बताए।
- २८.१६% (६० विद्यार्थी) ले अन्य प्रकारका शारीरिक दण्डसजाय दिएको गुनासो गरेका छन्।

माथि उल्लिखित तथ्यांकले विद्यार्थीमाथि एकभन्दा बढी प्रकारका शारीरिक दण्डसजाय दिइने गरेको देखाएको छ। तीमध्ये, विद्यार्थीहरूलाई लाठी वा स्केलले कुट्नु वा कान समातेर उठबस गर्न लगाउनु सबैभन्दा प्रचलित शारीरिक दण्डसजायको तरिका भएको देखिन्छ। त्यसैगरी, विद्यार्थीहरूलाई कक्षाबाट बाहिर पठाउनु पनि दण्डसजायको सबैभन्दा बढी प्रयोग भएको अर्को तरिका रहेको पाइन्छ।

### ई. शारीरिक दण्डसजायका कारणहरू

शारीरिक दण्डसजायका कारणहरू बारे सोधिएको प्रश्नको जवाफमा, शारीरिक दण्डसजाय भोगेका २१३ जना विद्यार्थीहरूले विभिन्न कारणहरू भएको बताएका छन् :

- ७८.८७% (१६८ विद्यार्थी) ले गृहकार्य नगरेकोले भन्ने प्रतिक्रिया दिएका थिए।
- ४६% (९७ विद्यार्थी) ले ढिलो विद्यालय आएकोले भनेका छन्।
- ५५.८६% (११९ विद्यार्थी) ले कक्षामा ध्यान नदिएकोले भनेका छन्।
- ६२.४४% (१३३ विद्यार्थी) ले आफ्ना साथीहरूसँग झगडा गरेको कारणले भनेका छन्।

- ४२.२५% (९० विद्यार्थी) ले सहपाठी वा अन्य विद्यार्थीहरूलाई जिस्काएकोले भनेका छन्।
- ४१.७८% (८९ विद्यार्थी) सहपाठी वा अन्य विद्यार्थीहरूलाई कुटपिट गरेकोले भनेका छन्।
- २७.६९% (५९ विद्यार्थी) ले शिक्षकहरूलाई अपमान गरेकोले भनेका छन्।
- २२.५३% (४८ विद्यार्थी) ले विद्यालयबाट भागेकोले भनेका छन्।
- ३६.६१% (७८ विद्यार्थी) ले सरसफाईमा ध्यान नदिएकोले भनेका छन्।
- २६.२९% (५६ विद्यार्थी) ले विद्यालयको सम्पत्ति नष्ट गरेकोले भनेका छन्।
- २३.४७% (५० विद्यार्थी) ले सुर्ती वा अन्य निषेधित पदार्थ खाएकोले भनेका छन्।
- २६.७६ (५७ विद्यार्थी) ले अन्य कारणहरूले सजाय पाएको बताएका थिए।

### उ. शारीरिक दण्डसजायको आवृत्ति

माथिको तथ्यांकले के देखाउँछ भने विद्यार्थीहरूलाई एकभन्दा बढि कारणले दण्डित गरिन्छ। अधिकांश विद्यार्थीले गृहकार्य नगरेको र अन्य विद्यार्थीसँग झगडा गरेकोले सजाय पाएको देखिन्छ। त्यसैगरी शिक्षकले कक्षामा पढाउँदा ध्यान नदिनु पनि सजायको अर्को कारण रहेको देखिन्छ।

### ऊ. शारीरिक दण्डसजायको असर

शारीरिक दण्डसजाय भोगेका २१३ जना विद्यार्थीहरूमध्येः

- ४१.७८% (८९ विद्यार्थी) ले दण्डसजायका कारण विद्यालय जान मन नलाग्ने गरेको बताए।
- ४२.२५% (९० विद्यार्थी) ले उनीहरूको शैक्षिक स्थिति बिग्रँदै गएको बताए।
- २६.७६% (५७ विद्यार्थी) ले विद्यालय परिवर्तन गरेको वा नियमित हाजिरीमा कमी आएको बताए।

- २५.८२% (५५ विद्यार्थी) ले शारीरिक दण्डसजायका कारण क्रोध, आक्रामकता, एक्लोपन र बोल्न हिचकिचाउने गरेको बताए।
- ४१.३१% (८८ विद्यार्थी) ले दण्डसजायको कारण लज्जित, अपमानित र हिनताबोध हुने गरेको बताएका थिए।

यसको विपरित कुल उत्तरदाता मध्ये :

- ३९.४३% (८४ विद्यार्थी) ले कक्षामा ध्यान दिने गरेका बताएका थिए।
- ५०.७०% (१०८ विद्यार्थी) ले शारीरिक दण्डसजाय पाइने डरका कारण आफूहरू कक्षामा नियमित उपस्थित हुने गरेको बताए।
- यसबाहेक, ४७.८८% (१०२ विद्यार्थी) ले उनीहरूले नियमित रूपमा गृहकार्य गर्ने गरेको बताए।
- त्यसैगरी, कुल उत्तरदातामध्ये ५१.१७% (१०९ विद्यार्थी) ले शारीरिक दण्डसजायको कारण कक्षामा समग्र प्रदर्शनमा सुधार आएको बताए।

३.१.२ कानूनी साक्षरता – नेपालले १८ जना शिक्षक तथा १९ जना शिक्षिका गरी जम्मा ३७ जना शिक्षक-शिक्षिकाहरूबाट पनि तथ्यांक संकलन गरेको थियो। संकलित नमूना तथ्यांकको नतिजा निम्न रहेको छ :

- नेपालको कानूनले १८ वर्ष मुनिका व्यक्तिलाई बालबालिका मानेको बारेमा थाहा छ भन्ने प्रश्नमा सबै शिक्षकहरूले जानकारी भएको बताएका थिए।
- त्यस्तैगरी ९१% शिक्षकहरूले नेपालको संविधानले बालअधिकारको संरक्षण गरेको बारेमा आफू सचेत रहेको बताए थिए।
- यसबाहेक ९७% शिक्षकहरूले संविधानको धारा ३९(७) ले बालबालिकाहरूलाई शारीरिक दण्डसजाय गर्न निषेध गरेको कुरामा जानकार रहेको बताएका थिए।

**कानूनी व्यवस्थाको सम्बन्धमा**

- ६४.८६% उत्तरदाताहरूले बालबालिकालाई शारीरिक दण्डसजाय दिएमा मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १९१ ले ३ वर्ष कैद र/वा ५० हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने व्यवस्थाबारे जानकारी रहेको बताएका थिए।

- त्यसैगरी ६२.१६% उत्तरदाताहरूले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७२ ले बालबालिकालाई शारीरिक दण्डसजाय दिएमा वा उनीहरूको हित विपरीत कार्य गरेमा कानून बमोजिम कारबाही हुन्छ भन्ने बारेमा जानकार रहेको उल्लेख गरेका थिए।
- ६२.१७% ले बालबालिकालाई शारीरिक दण्डसजाय दिएको स्वीकार गरेका थिए भने ३७.८३% ले अस्वीकार गरेका थिए।
- तथ्यांकले बालबालिकालाई शारीरिक दण्डसजाय दिने कार्यमा अधिकांश प्राथमिक तहका शिक्षकहरू संलग्न हुने गरेको देखाएको छ।

**अ. शारीरिक दण्डसजायका प्रकारहरू**

बालबालिकालाई शारिरिक दण्डसजाय दिएको स्वीकार गर्ने शिक्षकहरूमध्ये :

- २६% ले लाठी वा रुलर, स्केल प्रयोग गरेको स्वीकार गरेका थिए।
- २२% ले थप्पड हान्ने, कान निमोठ्ने र कपाल लुछने गरेको स्वीकार गरे।
- त्यसैगरी ८४% ले विद्यार्थीलाई कान समातेर उठबस गर्न लगाउने गरेको बताए।
- २१% ले विद्यार्थीहरूलाई शारीरिक कसरत गर्न लगाउने, कुखुरा बन्न लगाउने, थप गृहकार्य दिने, विद्यालयबाट निष्कासित गर्ने गरेको स्वीकार गरेका थिए।
- १०% ले विद्यार्थीहरूलाई कपडा फुकाल्न लगाउने, बेञ्चमा उभिन लगाउने, वा केही दिन विद्यालय आउन रोक लगाउने गरेको बताए।
- ४७% शिक्षकहरूले विद्यार्थीहरूलाई कक्षा कोठाबाट बाहिर निकालीदिएको स्वीकार गरे।
- ५% ले जबरजस्ती कपाल काटिदिएको, विद्यार्थीहरूलाई कागज चबाउन लगाएको वा विपरीत लिंगी सहपाठीहरूको बीचमा राखिदिएको स्वीकार गरे।

**आ. शारीरिक दण्डसजाय दिनुका कारणहरू**

- शारीरिक दण्डसजाय दिएको स्वीकार गरेका सबै शिक्षकहरूले आफ्ना विद्यार्थीहरूले गृहकार्य नगरेको कारणले दण्डसजाय दिएको बताए।
- ३६% ले ढिलो आएकोले वा अरूलाई जिस्काएको सजाय दिएको बताए।

- ६८% ले कक्षामा ध्यान नदिएकोले दण्डसजाय दिएको बताए।
- ५७% ले सहपाठी वा अन्य विद्यार्थीसँग झगडा गरेकोले सजाय दिएको बताए।
- २१% ले शिक्षकको अपमान गरेकोले सजाय दिएको बताए।

**इ. बाल्यकाल र हालको प्रवृति**

विगतको र हालको दण्डसजायको प्रवृतिमा के-कस्तो भिन्नता पाउनु हुन्छ भनि सोधिएको प्रश्नमा अधिकांश शिक्षकहरूले विगतको तुलनामा हाल बालमैत्री वातावरणको विकास भइरहेको र बालबालिकामाथि हुने शारीरिक दण्डसजायको अभ्यास पनि कम भइरहेको प्रतिक्रिया दिएका छन्। तुलनात्मक रूपमा अहिले सजायको प्रचलन घटेको उनीहरूको भनाइ छ।

विगतमा विद्यार्थीलाई दण्डित गर्ने चलन सामान्य थियो । तर अहिले सजायले विद्यार्थीमा नकारात्मक असर पर्न सक्ने धारणा विकास हुँदै गएको छ । विगतमा विद्यार्थीलाई शिक्षकसँग डर लाग्ने गर्दथ्यो। तर अहिले अवस्था फेरिएको छ र शिक्षकले विद्यार्थीलाई सजाय दिनुको सट्टा आफ्नो गल्तीको बोध गराउँछन्। विगतमा विद्यार्थीलाई सजाय दिन बेतको लठ्ठी प्रयोग गरिन्थ्यो। विगतमा शिक्षाको प्रमुख पद्धति नै सजाय दिएर पढाउने चलन थियो। शिक्षकलाई तालिम दिइएको थिएन तर अहिले अवस्था फेरिएको छ। एक शिक्षकले लेखे, “मैले यस प्रश्नावलीमा उल्लेख भएका भन्दा बढी क्रुर प्रकृतिका सजाय भोगेको छु। शिक्षकहरूले विद्यार्थीहरूलाई लामो समयसम्म घुँडा टेक्न वा टाउको पछाडि हात राखेर घुँडा टेकेर हिड्न लगाउँथे।” त्यस्तै, अर्का शिक्षकले लेखेका छन, “मेरो बाल्यकालमा यस सूचीमा उल्लेख भएका भन्दा धेरै प्रकारका सजायहरू दिने गर्दथे। शिक्षकहरूले विद्यार्थीहरूलाई सजाय दिन काँडाले घोच्ने र सिस्नो लगाउने गर्थे। तर अहिले त्यस्तो छैन।” विगतमा सार्वजनिक रूपमा सजाय दिने र गाली गर्ने संस्कृति थियो। अहिले अवस्था फेरिएको छ। तर केही शिक्षकले भने शारीरिक र मानसिक सजाय दिने प्रवृति अझै प्रचलनमा रहेको बताएका छन्।

## ३.१.२ शिक्षा अधिकारीहरूको प्रतिक्रिया

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(१)(ज) ले स्थानीय सरकारलाई विद्यालय व्यवस्थापन समिति गठन गर्ने, शिक्षकका लागि तालिमको व्यवस्था गर्ने र

कार्यसम्पादनको अनुगमन तथा मूल्यांकन गर्ने सम्पूर्ण अधिकार प्रदान गरेको छ । ७५३ ओटै गाउँपालिका वा नगरपालिकामा शिक्षा, युवा तथा खेलकूद विभागअन्तर्गत कर्मचारीको टोली खटाइएको छ । त्यस्तै, सामाजिक समावेशीकरण विभाग (पहिले महिला तथा बालबालिका विभाग) र स्वास्थ्य विभाग पनि छन् । हामीले नौ ओटा पालिकाका नौ जना शिक्षा अधिकारीहरूसँग सम्पर्क गरी आफ्नो पालिका भित्र सञ्चालित विद्यालयहरूमा बालबालिकामाथि हुने दण्डसजायको अवस्था कस्तो छ, उजुरी कति मात्रामा आउँछन, उजुरी उपर के-कस्ता कारबाही गर्नु भएको छ जस्ता प्रश्नहरू सोधेका थियौँ । तर दुर्भाग्यवश, नौ जना उत्तरदाताहरू मध्ये, केवल एक उत्तरदाताले मात्रै आफूले शारीरिक दण्डसजायको उजुरी प्राप्त गरेको बताएका थिए । गृहकार्य नगर्नु, ढिलो आउनु, कक्षामा ध्यान नदिनु, अन्य विद्यार्थीसँग झगडा गर्नु र शिक्षकलाई अपमान गर्नु शारीरिक सजायको कारणहरू भएको बताएका थिए ।

## ३.२ केही प्रतिनिधीमुलक घटनाहरू

### क. सन्तोष (परिवर्तित नाम)

सिरहाको एक सामुदायिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय किशोरलाई प्रधानाध्यापक र विद्यालयका कर्मचारीहरूले निर्घात कुटपिट गरेका थिए । उनलाई विद्यालयको स्टाफ रुममा लगेर प्रधानाध्यापक, लेखापाल र एक जना सहयोगी कर्मचारीले लाठी प्रहार गरी निर्मम तरिकाले कुटपिट गरेका थिए । सन्तोषलाई कक्षा कोठामा नै आएर किन स्टाफ रुममा बोलाए भन्ने केही थाहा थिएन ।

उनी स्टाफ रुममा पस्ने वित्तिकै कोठाको ढोका बन्द गरी प्रधानाध्यापक, एक शिक्षक र एक सहयोगी कर्मचारीले लाठीले कुटपिट गर्न थाले । कुटपिट गर्नुको कारण सोध्दा प्रधानाध्यापकले विद्यालयको कामकारबाहीमा प्रश्न उठाएको र अन्य विद्यार्थीलाई समेत भ्रमित पारेको आरोप लगाए । कुटपिटबाट घाइते भएका सन्तोष सिरहाको प्रादेशिक अस्पतालमा उपचारपछि घरमै आराम गरिरहेका छन् । घटनापछि छोरा विद्यालय जान नसकेको उनका बुबाले बताएका छन् ।

सन्तोषले भने, “म कक्षामा जाँदा कार्यालय सहायकले मेरो नाम बोलाएर स्टाफ रुममा लगे जहाँ हेडसर र लेखापाल पहिले नै थिए । म कोठाभित्र पसेपछि कार्यालय सहायकले ढोका बन्द गरी तीन जनाले मलाई स्कूलमा धेरै स्मार्ट भएको आरोप लगाउँदै लाठी, पाइप

र मुक्काले पालैपालो कुटपिट गरे ।" नराम्ररी कुटपिट गरेपछि उनीहरूले औषधि पनि नदिएको र उपचारका लागि विद्यालय बाहिर जान पनि नदिएको उनले बताए। विद्यालय छुट्टी नहुँदासम्म उनलाई विद्यालयबाट बाहिर जान दिइएन।

घाइते सन्तोषका बुबाले भने, "शिक्षकहरूको कुटपिटका कारण मेरो छोराको अनुहार, टाउको, ढाड, छाती, खुट्टालगायत शरीरका सबै भागमा कालो र निलो दाग बसेको छ। प्रादेशिक अस्पतालमा उपचार गराएपछि छोरा घरमै आराम गरिरहेको छ।"

सन्तोषले भने, "उपचार गरेपछि पनि टाउको दुख्छ, शरीर काँपिरहेको छ, टाउको घुमिरहेको छ, अहिले स्कूल जान डर लाग्छ।" यसअघि उनलाई एक जना शिक्षकलाई अन्य विद्यालयमा सरुवा गरेकोमा अरू विद्यार्थीहरूलाई भ्रममा पारी जम्मा गरेर विरोध गरेको आरोप लगाएका थिए भने पछि उनले विद्यालयले लगाएको एउटा ठेक्काको सम्बन्धमा समेत विरोध गरेका थिए।

प्रधानाध्यापकले भने सन्तोषले विद्यालयकी एक छात्रालाई जिस्काएको हुनाले कारबाही गरेको दाबी गरेका छन्। उनले भने, "केटो बदमाश हो। उसले केटी जिस्काएको घटनालाई अन्यत्र मोड्न खोजिरहेको छ। हामीले शिक्षकको हैसियतले उनलाई केही कारबाही गरेका हौँ तर उनलाई केही चोटपटक लाग्न पुगेछ।"

घटनापछि सन्तोषका बुबाले दोषीलाई कारबाही गर्न माग गर्दै २०८० भदौ १० गते जिल्ला प्रहरी कार्यालय सिरहामा उजुरी दिएका थिए। सिरहाका प्रहरी प्रमुख एसपी टेकुनन्द लिम्बुले घटनाबारे जानकारी प्राप्त भइसकेको तर उजुरी भने नपरेको बताए। उनले सत्यतथ्य पत्ता लगाउन अनुसन्धान भइरहेको पनि बताए। उनले दोषीलाई कानूनी कठघरामा ल्याउने प्रतिबद्धता व्यक्त गरे।

सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलीपकुमार यादवले प्रधानाध्यापक, विद्यार्थी र उनीहरूका परिवारबाट जानकारी संकलन गरिरहेको बताए। पीडितका बुबाले आफ्नो छोरालाई जनावर जस्तै कुट्ने दोषीलाई कडा कारबाही गर्न माग गरेका छन्।

### ख. प्रिती (परिवर्तित नाम)

कपिलवस्तुको तौलिहवाकी ५ कक्षामा अध्ययनरत ११ वर्षीया प्रितीलाई गृहकार्य डायरीमा अभिभावकको हस्ताक्षर नभएको भन्दै कम्प्युटर विषयका शिक्षकले कुटपिट गरेका छन्।

कम्प्युटर विषयका शिक्षक ऋषिकेश पाण्डेले २०८० असोज १० गते प्रितीलाई निर्ममतापूर्वक कुटपिट गरेका थिए । कुटपिटका कारण उनको दाहिने हात, पाखुरा र खुट्टामा नीलो खत बसेको छ ।

विद्यालयका प्रधानाध्यापक धर्मेन्द्रकुमार चौधरीले प्रितीलाई आफ्नो विद्यालयका कम्प्युटर विषयका शिक्षकले कुटपिट गरेको पुष्टि गरेका छन् । उनले भने, "शारीरिक सजायको कुरा थाहा पाएपछि शिक्षक पाण्डेलाई विद्यार्थीसँग माफी माग्न भनिएको थियो, विद्यालय व्यवस्थापन समितिको निर्णयपछि थप कारबाही हुन्छ, विद्यालय व्यवस्थापन समितिको बैठक चाँडै बोलाउने छौँ ।" विद्यालय प्रशासनका अनुसार प्रिती आज्ञाकारी विद्यार्थी र कक्षा टपर हुन् ।

शिक्षक पाण्डेले चार वर्षदेखि सो विद्यालयमा पढाएको थियो । विद्यालय प्रशासन र पीडित परिवारबीच शिक्षक पाण्डेले विद्यार्थी र उनका अभिभावकसँग माफी मागेर जागिरबाट बर्खास्त गर्ने सहमति भएपछि बालिकाका बुबाले प्रहरीमा दिएको उजुरी फिर्ता लिएको बताए ।

**ग. रुमाल सार्की (परिवर्तित नाम)**

धादिङ जिल्लाका १२ कक्षामा पढ्ने १९ वर्षीय दलित विद्यार्थीले विद्यालयको शुल्क २,१०० तिर्न नसकेपछि आत्महत्या गरेका छन् । बाँकी शुल्क तिर्न नसकेपछि विद्यालयले परीक्षामा बस्नको लागि प्रवेशपत्र नदिए पछि छोराले आत्महत्या गरेको उनका बुबाले दाबी गरेका छन् ।

मृतकका बुबाले भने, "गत वर्ष विद्युतको झट्का लाग्यो र म घाइते भएँ । मलाई हिँड्नका लागि बैसाखी चाहिएको छ तर किन्न सकिरहेको छैन । उक्त घटनाका कारण काम गरेर परिवारको लागि पैसा कमाउन नसक्दा मेरो १९ वर्षको जेठो छोरा १२ कक्षामा पढ्दै गर्दा फाइनल परीक्षामा बस्नका लागि विद्यालयको बाँकी २,१०० रुपैयाँ तिर्न सकेनौँ । मेरो छोराले प्रवेशपत्रको लागि अनुरोध गर्दा प्रधानाध्यापकले दिन अस्वीकार गर्‍यो । त्यस क्रममा केही भनाभन भएको हुन सक्छ । भोलिपल्ट बिहानै मेरो छोराले विष खाएर आत्महत्या गर्‍यो । हामीले उसलाई अस्पताल लग्यौँ तर बचाउन सकेनौँ ।

आफु बिरामी परेपछि भाइहरूसहित परिवारको सबै जिम्मेवारी जेठो छोराको काँधमा परेको मृतकका बुबाले बताए । विद्यालयबाट फुर्सदको समयमा छोराले मजदुरी गरेर परिवारको लागि पैसा कमाउने गरेका थिए । विद्यालयको शुल्क तिर्न नसकेपछि उसले

गाउँका साथीभाइ र आफन्तसँग ऋण लिएर मिलाउने बताए। तर कसैले ऋण दिएनन्। कतैबाट पनि सहयोग नपाएपछि विद्यालय प्रशासनलाई केही समय दिन अनुरोध गर्छु तर फाइनल परीक्षामा बस्छु भन्दै विद्यालय गएका थिए। विद्यालयबाट घर फर्केपछि निराश भएर आफ्नो किताब ओछ्यानमा फालेर ओछ्यानमा पल्टेका थिए, फेरि कहिल्यै उठेन्।

मृतकका बुबा कृष्णबहादुरले छोराको आत्महत्याको सत्यतथ्य पत्ता लगाउन माग गर्दै २०८० वैशाख २४ गते प्रहरीमा उजुरी दिएका थिए। उनले छोरालाई आत्महत्या गर्न दुरुत्साहन गर्नेलाई कडा कारबाही गर्न माग गरेका छन्।

विद्यालयका प्रधानाध्यापक बलराम इटनीले विद्यालय वा आफ्नो व्यवहारले गर्दा रुमालले आत्महत्या नगरेको दाबी गरे। 'अहिलेसम्म हामीले पैसाका कारण कुनै पनि विद्यार्थीलाई परीक्षा दिनबाट वञ्चित गरेका छैनौँ। गत वर्ष पनि हामीले पैसा नतिरिकनै प्रवेशपत्र दिएका थियौँ। हामीले यस वर्ष पनि प्रवेशपत्र लिन भनेका थियौँ,' प्रधानाध्यापक इटानीले जोड दिनुभयो, 'परिवारको आर्थिक अवस्था कमजोर छ भन्ने थाहा भएकोले सहुलियत दिएका थियौँ।'

उनका अनुसार विद्यालयले छात्रवृत्ति कोषबाट वार्षिक ५० हजार रुपैयाँ विद्यार्थीहरूलाई छात्रवृत्ति बापत दिँदै आएको छ। तर, गरिब तथा जेहेन्दार विद्यार्थीलाई दिइने छात्रवृत्तिमा रुमालको नाम छैन। रुमालको नाम सूचीमा किन नपरेको भन्ने प्रश्नमा प्रधानाध्यापकले रुमालको विद्यालयमा नियमित हाजिरी नहुँदा नाम नरहेको बताए।

घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए। 'मृतकका आफन्तले आत्महत्याको कारण खोज्न उजुरी दिएका छन्,' उनले भने, 'हामीले उजुरी दर्ता गरेका छौँ। विद्यालयकै कारणले हो कि होइन भन्ने पनि गुनासोमा उल्लेख छ। हामी घटनाको अनुसन्धान गरिरहेका छौँ।'

### घ. रवि (परिवर्तित नाम)

नर्सरीमा पढ्ने ५ वर्षीय विद्यार्थी रविलाई होस्टेल वार्डेन जानुका नेपालीले ओछ्यानमा पिसाब गरेको आरोपमा कडा कारबाही गरेकी थिइन। वार्डेन घुम्न बाहिर जाँदा रविले ओछ्यानमा पिसाब गरेका थिए। डोल्पा (अविकसित क्षेत्र) बाट अध्ययनका लागि पोखरा आएका रविलाई ओछ्यानमा पिसाब गरेको अभियोगमा वार्डेन जानुकाले रविको लिंगलाई रबरले बाँधीदिएकी थिइन्। बिहानैदेखि रविले आफ्नो लिंगमा बाँधिएको रबर हटाउन सकेन, बरु रोइरहे।

विद्यालयमा एक जना विद्यार्थीले कक्षा कोठामा रबर फेला पारेर राति ओछ्यानमा पिसाब फेर्ने विद्यार्थीको लिंगमा बाँध्न सकिने भन्दै शिक्षिका सिर्जना कँडेललाई दिएका थिए। सानो बच्चाको यस्तो कुरा सुनेर शिक्षिका छक्क परिन। उनले विद्यार्थीलाई यसबारे कसरी थाहा भयो भनेर सोधिन। त्यसपछि उक्त बच्चाले राति ओछ्यानमा पिसाब फेर्ने केटाहरूको लिंगमा होस्टेल वार्डेनले रबरले बाँध्छिन् र केटीहरूको गोप्य अंगमा मैनबत्ती बालेर मोमले जलाईदिन्छिन् भनेर बताए। उनले शिक्षिकालाई रविको लिंग पनि रबर ब्यान्डले बाँधिएको जानकारी दिए। शिक्षिका नर्सरी कक्षामा जाँदा रवि पीडाले रोइरहेको देखेकी थिइन्। चेकजाँच गर्दा उनको लिंग रबरले बाँधिएको र पेट सुन्निएको पाईन्।

शिक्षिकाले यसबारे छात्रावास प्रशासनमा उजुरी गरेपछि छात्रावास प्रशासनले छात्रावासमा यस्ता घटना हुन नदिन र वार्डेनलाई कारबाही गर्ने आश्वासन दिँदै लिखित सम्झौता गरेको थियो। तर घटना सार्वजनिक नगर्न आग्रह गरेका थिए। घटना मिडियामा सार्वजनिक भएपछि प्रहरीले होस्टल सञ्चालक र वार्डेनलाई पक्राउ गरेको थियो। सञ्चालक निर्दोष पाइएपछि रिहा गएिको थियो तर वार्डेनलाई प्रहरीले नियन्त्रणमा लिएको छ। कास्कीका प्रहरी प्रमुख एसपी रमेश थापाले भने, “हामीले वार्डेनलाई पक्राउ गरी घटनाको अनुसन्धान गरिरहेका छौँ। हामी उनी विरुद्ध बालबालिका सम्बन्धी ऐन अन्तर्गत मुद्दा दायर गर्छौं।”

## ३.३ शारीरिक दण्डसजायको प्रवृतिमाथि छलफल (हालको परिवर्तित अवस्था सहित)

नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजायको प्रवृतिले घरको वातावरण, शैक्षिक परिवेश र सांस्कृतिक मान्यताहरूमा निहित कारक तत्त्वहरूको जटिल अन्तरसम्बन्धलाई उजागर गर्दछ। कतिपय विद्यालयहरूले बालबालिकालाई घरेलु वातावरणमा पढाउने प्रतिबद्धता गरे पनि शैक्षिक स्तर उकास्न वा अनुशासित बनाउन बालबालिकामाथि शारीरिक दण्डसजायको प्रयोग गर्ने गरेका छन् भने प्रशिक्षण नपाएका शिक्षकहरूले प्रायः अनुशासनका नाममा शारीरिक दण्डसजायको प्रयोग गर्नाले यस्ता अभ्यासहरूले व्यापकता पाउँदै आएको छ। पर्याप्त प्रशिक्षणको अभावले गर्दा शिक्षकहरूलाई पनि हामी शिक्षक हौँ, हामीले विद्यार्थीलाई जसरी पनि नियन्त्रणमा राख्नु पर्छ, हामी पूर्ण अधिकार सम्पन्न हौँ भन्ने भान पर्न सक्छ, जसले विद्यार्थीहरूलाई शारीरिक दण्डसजायको

जोखिममा पार्छ। त्यसैगरी शारीरिक दण्डसजायलाई अनुशासन जगाउने माध्यमको रूपमा लिने परम्परागत सांस्कृतिक मान्यताहरूले पनि यस प्रवृतिलाई बढावा दिँदै आइरहेको छ। घरमा, आमाबाबुले पनि अन्य उपायहरूको अनभिज्ञताका कारण बच्चालाई अनुशासनमा राख्ने सबैभन्दा सजिलो उपायका रूपमा शारीरिक दण्डसजायको नै प्रयोग गर्छन्।

हालैका वर्षहरूमा, शिक्षाको प्रतिस्पर्धात्मक शैक्षिक प्रणाली र शैक्षिक क्षेत्र भित्र अनुशासन कायम राख्नका लागि पनि शारीरिक दण्डसजाय दिने प्रचलनले पनि यस प्रवृतिले निरन्तरता पाइरहेको छ। पढाईमा राम्रो अंक ल्याउनु पर्ने दबाब, अनुशासित बालबालिका अभिभावकको अपेक्षा, लिंग, जातीय/वर्गीय भेदभाव आदिले गर्दा शिक्षकहरूले जानीजानी वा अनजानमा कठोर कदम चाल्ने, शारीरिक दण्डसजाय दिने वातावरण सिर्जना गर्छ। अझ बढी, हालको परिवर्तनशील परिदृश्यमा गम्भीर समस्याको रूपमा शैक्षिक प्रणाली, अनुशासन र शैक्षिक उत्कृष्टताको लागि अभिभावकको दबाब, बालबालिकाले शिक्षक वा अभिभावकहरूका अगाडि आफ्ना भावनाहरू व्यक्त गर्न नसक्ने स्थिति आदि कारणले गर्दा बालबालिकाले आत्महत्या गर्ने वा आत्महत्याको प्रयास गर्ने सम्मको अवस्था निम्तिएको छ।

नेपालको संविधान, २०७२ जारी भएपछि बनेका कानूनले शारीरिक दण्डसजायलाई अपराधिकरण गरेको भए पनि घर र विद्यालयदेखि समुदायस्तरसम्म यस्ता प्रचलन कायम नै छ। शिक्षक मात्र होइन वडाका जनप्रतिनिधि र छात्रावास वार्डेनले पनि विद्यार्थीलाई शारीरिक सजाय (गम्भीर चोटपटक) दिने गरेको पाइन्छ (Child Rights in Nepal, 2019; Shrestha, 2021)। सजायको कारणहरूमा गृहकार्य नगरेका, वा ढिलो आएको जस्ता मामूली विषयहरू हुन सक्छन्, तर यसको परिणाम स्वरूप बालबालिकाको मृत्यु हुनेसम्मको गम्भीर अवस्था सिर्जना हुन सक्छ। (Child Rights in Nepal, 2019; Child Rights in Nepal, 2018; Child Rights in Nepal, 2019)

अध्याय – चार

# निष्कर्ष र सिफारिसहरू

## निष्कर्ष

नेपालमा शारीरिक दण्डसजायलाई निषेधित गर्ने कानूनहरू कार्यान्वयनमा भए पनि अभिलेखिकरण गरिएका तथ्यांक र घटनाहरूलाई हेर्दा नेपालका विद्यालयहरूमा भइरहेको शारीरिक दण्डसजायको निरन्तर अभ्यासले यसका मुख्य कारक तत्त्वहरू सांस्कृतिक प्रचलन, अपर्याप्त प्रशिक्षण र संवेदनशीलता, र प्रतिस्पर्धात्मक शैक्षिक प्रणाली भएको उजागर गर्छ। अध्ययनले देखाए अनुसार संस्थागत तथा सामुदायिक विद्यालयहरूमा हुने शारीरिक दण्डसजायलाई सम्बोधन गर्न कानूनी व्यवस्थाहरूको कडाईका साथ कार्यान्वयन गर्ने रणनीतिहरूका साथसाथै संघीय सरकारदेखि स्थानीय तहसम्म तत्काल कानूनी र संरचनागत सुधारहरूको आवश्यकता छ । यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यांकहरूले लक्षित हस्तक्षेपहरू, शिक्षक प्रशिक्षण कार्यक्रमहरू, सांस्कृतिक संवेदनशीलता पहलहरू, आमाबाबु र हेरचाहकर्ता संवेदनशीलता र सहयोग, र नीतिगत सुधारहरू गर्नु पर्ने देखिन्छ । शारीरिक दण्डसजाय विरुद्ध कानूनी व्यवस्था भए पनि बालबालिकाहरूले आत्म-हानि गरेका घटनाहरूको विश्लेषण गर्दा उनीहरूको हितको रक्षाका लागि तत्काल र व्यापक कदम चाल्नु पर्ने देखिन्छ।

यी चुनौतीहरूलाई सम्बोधन गर्न कानूनी उपायहरू मात्र नभई सांस्कृतिक प्रचलनमा प्रभावकारी परिवर्तन, अधिकार र कर्तव्यबीचको सन्तुलन र शिक्षा प्रणाली भित्रको अस्वस्थ प्रतिस्पर्धाको अन्त्य र अनुशासनको वैकल्पिक उपायहरू सम्बन्धी प्रशिक्षण आवश्यक छ । यस अध्ययनका नतिजाहरूले शारीरिक दण्डसजायको गहिरो जरोलाई उखेल्न र प्रत्येक बालबालिकाको सर्वाङ्गिण विकासको वातावरण तयार पार्न शिक्षकहरू, नीति-निर्माताहरू र समुदायको सामुहिक प्रयासको आवश्यकता रहेको औँल्याएको छ।

विद्यार्थीहरूको शारीरिक तथा मानसिक हितका लागि हानिकारक अनुशासनात्मक अभ्यासहरू रोक्न शैक्षिक प्रणालीमा नै व्यापक सुधार गरी बालबालिकाको हितमा प्रत्यक्ष प्रभाव र असर पार्ने सबै क्षेत्रहरूमा एकसाथ लागू गर्नु पर्ने हुन्छ ।

## सिफारिसहरू

नेपालका विद्यालयहरूमा हुने शारीरिक दण्डसजाय अन्त्य गर्नका लागि यस अध्ययनले विभिन्न सरोकारवालाहरूलाई निम्न सिफारिसहरू गरेको छ :

### विद्यालय व्यवस्थापन समितिलाई

क) बाल संरक्षण मापदण्ड (साथै सुरक्षा नीति) को विकास र अवलम्बन गर्ने र त्यसलाई राम्ररी लागू गर्ने,

ख) विद्यालयमा शारीरिक दण्डसजायप्रति शून्य सहनशीलताको नीति र संस्कृतिको विकास गर्ने,

ग) विद्यार्थीहरूको लागि सुरक्षित, सहयोगी र हिंसामुक्त सिकाई वातावरण सिर्जना गर्ने,

घ) प्रभावकारी कक्षा कोठा व्यवस्थापन, बालमैत्री शिक्षण-सिकाई, र सकारात्मक अनुशासन विधिहरूबारे शिक्षक र कर्मचारीहरूको लागि नियमित प्रशिक्षण सत्रहरू सञ्चालन गर्ने,

ङ) शारीरिक दण्डसजायका घटनाहरू उजुरी गर्न विद्यार्थीहरूको लागि गोप्य र विश्वासिलो उजुरी प्रणालीको स्थापना गर्ने,

च) अभिभावकहरूको लागि शारीरिक दण्डसजाय र रोकथामको बारेमा नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### शिक्षकहरूलाई

क) शारीरिक दण्डसजाय रोकथामका लागि कानूनी व्यवस्थाहरू अध्ययन गर्ने र शिक्षक आचार संहितालाई कडाईका साथ पालना गर्ने,

ख) शारीरिक दण्डसजायका कारण पर्न सक्ने नकारात्मक असरहरूका बारेमा अध्ययन गर्ने र वैकल्पिक अनुशासना विधिहरू प्रयोग गर्ने,

ग) विद्यार्थीहरूसँग खुला सम्वाद र सहानुभूतिका साथ सम्बन्ध विकास गर्ने,

घ) प्रशिक्षणबाट सिकेको राम्रा व्यवहारलाई प्रोत्साहित गर्न सकारात्मक सुदृढीकरण विधिहरू प्रयोग गर्ने,

ङ) विद्यार्थीहरूलाई नबुझेका पाठहरू सिकाउँदै अभिभावकलाई भेटेर मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने ।

## बाल केन्द्रित संस्थाहरूलाई

क) बालबालिकामा शारीरिक दण्डसजायले शारीरिक तथा मानसिक स्वास्थ्य लगायत अध्ययनमा पारेका नकारात्मक असरहरूको बारेमा अध्ययन-अनुसन्धान गरी जनचेतना फैलाउने,

ख) विद्यालयहरूमा शारीरिक दण्डसजाय निषेध गर्ने कानून र नीतिहरूको कार्यान्वयनको लागि वकालत गर्ने,

ग) शारीरिक दण्डसजायलाई चुनौती दिन र सकारात्मक अनुशासन अभ्यासका साथै बालबालिकाको अधिकारको प्रवर्द्धन गर्न विद्यालय र शिक्षकहरूलाई तालिम र स्रोतहरू उपलब्ध गराउने,

घ) परियोजना सञ्चालित क्षेत्रमा विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूसँग सहकार्य गरी शारीरिक दण्डसजाय सम्बन्धी विद्यार्थीका अनुभव र चासोहरू बारे सुरक्षित स्थलमा छलफल गर्न पाउने वातावरण सिर्जना गरिदिने,

ङ) बालबालिकाको लागि सुरक्षित सिकाइ वातावरण सिर्जना गर्न सरोकारवालाहरूसँगको सहकार्यमा दीर्घकालीन रणनीतिक योजनाहरू विकास गर्ने ।

## आमाबाबु/अभिभावकलाई

क) आफ्ना छोराछोरीसँग मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने र उनीहरूका समस्याहरू भन्न प्रोत्साहित गर्ने,

ख) समय-समयमा विद्यालय भ्रमण गर्ने र आफ्ना नानीबाबुको पढाई र अन्य क्रियाकलापको बारेमा जानकारी लिने,

ग) अभिभावक-शिक्षक बैठकहरूमा बालबालिकामाथि हुनसक्ने दण्डसजायका बारेमा छलफल गर्ने र त्यस्तो घटना भएको थाहा पाएमा विद्यालय व्यवस्थापन समिति समक्ष कुरा राख्ने,

घ) शारीरिक दण्डसजाय र अन्य प्रकारका हिंसा भएको बालबालिका भेटिएमा उजुरी गर्न सहयोग गर्ने,

ङ) आफ्नो विद्यालयमा बाल सुरक्षा नीति कार्यान्वयनका लागि वकालत गर्ने।

## स्थानीय निकायलाई

क) विद्यालयहरूले शारीरिक दण्डसजाय सम्बन्धी कानून र नीतिहरूको पालना गरेको सुनिश्चित गर्न नियमित रूपमा विद्यालयहरूको निरीक्षण गर्ने,

ख) शारीरिक दण्डसजायका मुद्दाहरूलाई तुरुन्तै सम्बोधन गर्न उजुरी सुनुवाई संयन्त्र (गुनासो सुनुवाई कार्यविधि, २०७४ अनुसार) स्थापना गर्ने,

ग) सकारात्मक अनुशासनलाई बढावा दिने र बालबालिकालाई हानिबाट जोगाउने वातावरण सिर्जना गर्न विद्यालयहरू, बाल-केन्द्रित संस्थाहरू, शिक्षकहरू र अभिभावकहरूसँग सहकार्य गर्ने,

घ) शिक्षक र विद्यालयका कर्मचारीहरूका लागि तालिम कार्यक्रमहरूको आयोजनाका लागि साधन र स्रोतको व्यवस्था गरिदिने,

ङ) बालबालिकाहरूलाई नियमित काउन्सिलिङ उपलब्ध गराउन प्रत्येक विद्यालयमा कम्तीमा एक जना बालमनोविज्ञको दरबन्दी सिर्जना गरी लागू गर्ने।

## प्रदेश सरकारलाई

क) प्रदेशभरका विद्यालयहरूमा हुने शारीरिक दण्डसजाय रोक्न निर्देशिका र नीतिहरू विकास गरी कार्यान्वयन गर्ने,

ख) शिक्षक र बालमनोविज्ञहरूलाई बालमैत्री शिक्षण-सिकाइ, र सकारात्मक अनुशासन विधिहरू सम्बन्धी तालिम दिन साधन र स्रोतहरू उपलब्ध गराउने,

ग) स्थानीय निकायहरूले विद्यालयहरूको निरिक्षण गरी बाल संरक्षण नीतिहरू लागू गराए-नगराएको यकिन गर्न स्थानीय निकायहरू र विद्यालयहरूको अनुगमन र मूल्यांकन गर्ने,

घ) शारीरिक दण्डसजायका असरहरूको बारेमा अभियान र सचेतना कार्यक्रमहरूको विकास गर्न बाल-केन्द्रित संस्थाहरूसँग सहकार्य गर्ने ।

## संघीय सरकारलाई

क) विद्यालयहरूमा शारीरिक दण्डसजायलाई स्पष्ट रूपमा निषेध गर्ने विद्यालय केन्द्रित कानून बनाई प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्ने,

ख) सकारात्मक अनुशासन विधिहरूका बारेमा शिक्षक प्रशिक्षण कार्यक्रमको लागि राष्ट्रिय कार्ययोजनाहरू बनाई लागू गर्ने,

ग) विद्यालयमा हुने शारीरिक दण्डसजायका घटनाहरूको लागि समयमै हस्तक्षेप र अनुसन्धान सुनिश्चित गर्दै केन्द्रीकृत तथ्यांक संकलन प्रणालीको स्थापना गर्ने,

घ) विद्यालयमा हुने शारीरिक दण्डसजाय उन्मूलन गर्ने उद्देश्यले अनुसन्धान, तालिम र सहयोग कार्यक्रमहरूको लागि पर्याप्त बजेट र स्रोत विनियोजन गर्ने ।

कानूनी प्रतिबन्धका बावजुद नेपालका विद्यालयहरूमा भइरहेको शारीरिक दण्डसजायको अवस्थाले सांस्कृतिक रूपमा जरो गाडेर बसेको प्रचलन, शिक्षकहरूलाई अपर्याप्त प्रशिक्षण र प्रतिस्पर्धात्मक शैक्षिक प्रणाली जिम्मेवार देखिएको छ । नेपालमा बालबालिकामाथि हुने शारीरिक दण्डसजाय रोक्न संघीय सरकारदेखि स्थानीय तहसम्म तत्काल र व्यापक नीतिगत सुधारहरूको खाँचो देखिन्छ। यस अध्ययनले बालबालिकामाथि

हुने दण्डसजाय रोक्न शिक्षक, अभिभावक र समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने औँल्याएको छ । बालबालिकाहरूले आत्म-हानि गरेको घटनाहरूले उनीहरूको हितको रक्षाका लागि तत्काल कानूनी उपायहरू र वैकल्पिक अनुशासन विधिहरूको प्रयोगका लागि सांस्कृतिक जागरुकता जगाउन आवश्यक छ । बालबालिकाको सर्वाङ्गिण विकासको लागि शिक्षकहरू, नीति-निर्माताहरू र समुदायको सामुहिक प्रयासले बालबालिकामाथि हुने शारीरिक तथा मानसिक दण्डसजाय जस्ता हानिकारक अनुशासन विधिहरू उन्मूलन गर्न आवश्यक छ।

आशा गरिएको छ कि यी सिफारिसहरू कार्यान्वयन गरेर नेपालको शिक्षा प्रणालीले क्रमिक रूपमा बालबालिकामाथि हुने दण्डसजाय निर्मूल पार्न र बालबालिकालाई सुरक्षित सिकाईको वातावरण सिर्जना गर्न सफल हुनेछ।

# सन्दर्भ सामग्री


Advocate Khoj [1918]. Different kinds of punishment in Hindu Law, Advocate Khoj Law Library, No. 35. https://www.advocatekhoj.com/library/lawreports/capitalpunishment/169.php?Title=Capital%20Punishment&STitle=Classification%20of%20punishment%20in%20Hindu%20Law

Bahadur Khadka, P. (2022, March 27). Complaint filed against teacher for beating. Informal Sector Service Centre. https://inseconline.org/en/news/complaint-filed-against-teacher-for-beating/

BK, A. (2020, January 27). Student thrashed for not doing homework. The Himalayan Times. https://thehimalayantimes.com/nepal/student-thrashed-for-not-doing-homework

Child Rights in Nepal. (2018, September 19). The teacher inflicted hurt on student's ear for being late. Childrights.gov.np. https://childrights.gov.np/site/view/corporal-punishment-by-principal-chitwan

Child Rights in Nepal. (2019a, July 10). Student's death due to teacher's beating. Childrights.gov.np. https://childrights.gov.np/site/view/death-of-13-yrs-boy-by-teachers-and-principal-kanchanpur

Child Rights in Nepal. (2019b, July 18). Child sustained injuries from beatings by Ward Chairperson. Childrights.gov.np. https://childrights.gov.np/site/view/9-yrs-child-got-punished-by-ward-president-dang

Child Rights in Nepal. (2019c, December 26). Student beaten for not doing homework, sustains serious eye injury. Childrights.gov.np. https://childrights.gov.np/site/view/corporal-punishment-serious-injured-eye-butwal

Devendra Ale v Nepal Government (2005), NKP 2061 Vol. 9 Decision Number 7434. https://nkp.gov.np/full_detail/3058

Education Act (Eighth Amendment) 2016 (Nepali Version)

Education Rule (Ninth Amendment) 2002 (Nepali Version)

Glenn, M. C. (1983). Corporal Punishment: The Need for a Historical Perspective. History of Education Quarterly, 23(1), 91-97.

Global Partnership to End Violence Against Children. (2021). Laying the foundations for non-violent childhoods: putting prohibition of corporal punishment of children into practice. https://resourcecentre.savethechildren.net/pdf/implementation-guidance.pdf/

Government of Nepal Ministry of Education (2011). School Peace Zone National Framework and Implementation Guidelines, 2068 (unofficial translation). https://resourcecentre.savethechildren.net/pdf/np_moe_szopguidelines.pdf/.

Human Rights Watch. (1989). Human Rights Violations in Nepal. An Asia Watch Report. https://books.google.com.np/books?id=CnTFLXce3toC&pg=PA13&lpg=PA13&dq=punishment+in+Kirat+Period&source=bl&ots=J3hibEiknw&sig=ACfU3U10YR-aDGGur6d1 _oegxY9HhY3KVQ&hl=en&sa=X&ved=2ahUKEwivks796L3-AhWOQPUHHc4x COA4ChDoAXo ECAIQAw#v=onepage&q=punishment%20in%20Kirat%20Period&f=false

Kantipur. (2019, June 25). Torture in the Class. Ekantipur.com. https://ekantipur.com/news/2019/06/25/15614257887031987.html

Local Government Operation Act, 2074, 2017 (Local Governance Act, 2074)

Man Shrestha, P. (2023, March 25). Nepal is ageing as children's share in population shrinks. Kathmandupost.com. https://kathmandupost.com/national/2023/03/25/nepal-is-ageing-as-children-s-share-in-population-shrinks

News, N. (2022, February 27). Myagdi teacher breaks student's ribs. Nepalnews.com. https://nepalnews.com/s/nation/myagdi-teacher-breaks-student-s-ribs-in-severe-punishment

Odeyinde, O. (2021). Prohibition of Corporal Punishment In International Law: Analysis of Legal Defences And Justification. IRLJ 2 (2) 2020, 189-197.

Pro-Public Nepal v Office of Prime Minister and Council of Ministers et al ([date]). NKP 2062 Vol 10 Decision Number 8019

Republica. (2017, February 18). Teacher beats up student unconcious, parents demand action. MyRepublica. https://myrepublica.nagariknetwork.com/news/teacher-beats-up-student-unconcious-parents-demand-action/

Shrestha, Y. (2021, December 21). Hostel warden and management under arrest for the inhumane treatment of a child on the pretext of urinating on the bed. Setopati. https://www.setopati.com/social/257489

Subedi, D. (2019, June 4). School teacher arrested for breaking arms of students. MyRepublica. https://myrepublica.nagariknetwork.com/news/schoolteacher-arrested-for-breaking-arms-of-students/

The Act Relating to Children 2018 (The Children's Act)

The Act Relating to Compulsory and Free Education 2018 (Compulsory and Free Education Act)

The Constitution of Nepal (2015) https://lawcommission.gov.np/en/wp-content/uploads/2021/01/Constitution-of-Nepal.pdf

Tripathee, R. R. (2014). Development of Criminal Justice System and Reform Initiatives in Nepal: A Bird Eye View, Nepal Law Journal, 7.

United Nations Committee on the Rights of the Child, General comment No. 8: The Right of the Child to Protection from Corporal Punishment and Other Cruel or Degrading Forms of Punishment (Arts. 19; 28, Para. 2; and 37, inter alia), (2006, June 2), https://www.refworld.org/legal/general/crc/2007/en/41020

United Nations Convention on the Rights of the Child, (1989, November 20), https://www.ohchr.org/en/instruments-mechanisms/instruments/convention-rights-child

United Nations Convention on the Rights of the Child, Committee on The Rights of The Child, Consideration of Reports Submitted By States Parties Under Article 44 of The Convention. Concluding observations of the Committee on the Rights of the Child: Nepal (7 June 1996) CRC/C/15, https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/Download.aspx?symbolno=CRC%2FC%2F15%2FAdd.57&Lang=en

United Nations Convention on the Rights of the Child, Committee on The Rights of The Child, Consideration of Reports Submitted By States Parties Under Article 44 of The Convention. Concluding observations: Nepal (21 September 2005) CRC/C/15, https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRC%2FC%2F15%2FAdd.261&Lang=en

United Nations General Assembly, Report on the Working Group on the Universal Periodic Review Nepal. (2011, March 8)

https://www.upr-info.org/sites/default/files/documents/2013-09/ahrc175nepale.pdf

United Nations General Assembly, Report on the Working Group on the Universal Periodic Review Nepal. (2015, December 23) https://www.upr-info.org/sites/default/files/documents/2016-02/a_hrc_31_9_e.pdf

United Nations General Assembly, Report on the Working Group on the Universal Periodic Review Nepal. (2021, March 30) https://www.upr-info.org/sites/default/files/documents/2021-08/a_hrc_47_10_e.pdf

United Nations Human Rights Committee, CCPR General Comment No. 20: Article 7 (Prohibition of Torture, or Other Cruel, Inhuman or Degrading Treatment or Punishment), (1992, March 10), https://www.refworld.org/docid/453883fb0.html

